## सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा

माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल

## फैसला

मुद्दाः- अपहरण गरी जबरजस्ती करणी ।

०७३-CR-१४९१

सर्लाही जिल्ला, राजघाट गा.वि.स. वडा नं. ८ घर भई हाल कारागार कार्यालय, सिन्धुलीमा थुनामा रहेका गणेशबहादुर श्रेष्ठ ..................... १ — पुनरावेदक प्रतिवादी

विरुद्ध

परिवर्तित नाम हरि कार्कीको जाहेरीले नेपाल सरकार ..................... १ — प्रत्यर्थी वादी

०७३-CR-१५७०

परिवर्तित नाम हरि कार्कीको जाहेरीले नेपाल सरकार ..................... १ — पुनरावेदक वादी

विरुद्ध

सर्लाही जिल्ला, राजघाट गा.वि.स. वडा नं. ८ घर भई हाल कारागार कार्यालय, सिन्धुलीमा थुनामा रहेका गणेश बहादुर श्रेष्ठ ..................... १ — प्रत्यर्थी प्रतिवादी

शुरू तहमा फैसला गर्नेः माननीय जिल्ला न्यायाधीश श्री कैलाश के.सी.
धनुषा जिल्ला अदालत

फैसला मितिः २०७२/०२/२५

पुनरावेदन तहमा फैसला गर्नेः माननीय मुख्य न्यायाधीश श्री सुरेन्द्र वीर सिंह बस्न्यात
माननीय न्यायाधीश श्री दुर्गादत्त भट्ट
उच्च अदालत जनकपुर

फैसला मितिः २०७३/०८/१५

न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१)(ख) बमोजिम यस अदालतमा पुनरावेदनको रोहमा दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः

<u>तथ्यगत व्यहोराः</u>

१. मिति २०७१/०७/२९ गते मेरो छोरी/भतिजी मामा घरबाट फर्की घर आउने क्रममा लालबन्दी नगरपालिका स्थित बस बिसौनीको प्रतिक्षालयबाट नमुना ज्ञानोदय एकेडेमी बोर्डिङ स्कूलका फाउण्डर प्रिन्सिपल गणेश श्रेष्ठले फेलापारी म घर पुऱ्याई दिन्छु भनी घर आउन नदिई ललाई फकाई आफ्नो मोटरसाइकलमा राखी जिल्ला धनुषा, वेंगाडाबर गा.वि.स. वडा नं. ८ स्थित बौवा गेष्टहाउसमा लगी रातभरी सोही लजमा डर, त्रास, धाक, धम्की दिई बोल्न कराउन नदिई जबरजस्ती करणी गरी मिति २०७१/०७/३० गते विहान मात्र घर जाँउ भनी छाडी दिएको हुँदा पीडित छोरी/भतिजी लालगढ 'क'लाई स्वास्थ्य परीक्षण गराई विपक्षीलाई पक्राउ गरी कानूनबमोजिम गरिपाउँ भन्ने बेहोराको परिवर्तित नाम हरि कार्कीको निवेदन।

२. ईलाका प्रहरी कार्यालय, बरहथवा सर्लाहीमा परिवर्तित नाम हरि कार्कीको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी गणेशबहादुर श्रेष्ठ भएको जबरजस्ती करणी मुद्दाको अनुसन्धानको क्रममा लालगढ "क"लाई महिला सुरक्षाकर्मीले कार्यालयकै हाताभित्र रहेको शौचालय बाथरुममा लगी निजले लगाएको कालोमा सेतो रातोसमेतको बुट्टा भएको पेन्टी थान १ र वारदात पश्चात् प्रतिवादी गणेशबहादुर श्रेष्ठले पीडितालाई दिएको भनिएको ख/९८ ८७०४५३ नं. को रु. ५००।- नेपाली नोट थान १ समेतका चिजबस्तु अनुसन्धानको लागि प्रहरीले बरामद गरेको भन्ने व्यहोराको बरामदी मुचुल्का।

३. मिति २०७१/०७/२८ गतेका दिन म आफ्नो घरबाट मामा घर जिल्ला महोत्तरीमा गई मामाघरबाट मिति २०७१/०७/२९ गते दिउसो २ बजे तिर फर्की आई लालबन्दी स्थित बस प्रतिक्षालयमा गाडी कुरी बसेको अवस्थामा प्रतिवादी गणेशबहादुर श्रेष्ठ म नजिक आई मसँग सोधखोज गरी म तिमीलाई घर पुऱ्याई दिन्छु भन्दासमेत नमानी मलाई ललाई-फकाई मोटरसाइकलमा राखी घरतर्फ नल्याई उल्टै हाइ-वे रोड हुँदै बर्दीबासतर्फ लगेकोले कहाँ लगेको भन्दा तुरुन्तै घुमाएर लगिहाल्छु भनी मलाई गुमराहमा पारी निजले बेलुकी पख जिल्ला धनुषा, वेंगाडावर गा.वि.स. वडा नं. ८ मा

रहेको बौवा होटल/लजमा लगी लजको माथिल्लो दोस्रो तलामा रुम बुक गराई राखी मेरो इच्छा विपरीत निज प्रतिवादीले मलाई डर, त्रास, धम्की दिई पटक-पटक जबरजस्ती करणी गरेको र सो कुरा कसैलाई भनेमा ज्यान मार्नेसम्मको धम्की दिई मिति २०७१/०७/३० गते विहान मलाई निजले नै बर्दिबासमा ल्याई छाडेको र छाड्ने बेलामा पनि यो कुरा कसैलाई नभन्नु भनेमा मेरा केही हुन्न, तेरो इज्जत जान्छ, मैले होटलमा नाम परिवर्तन गरी श्रीमान श्रीमती भनी तिम्रो नाम निरु श्रेष्ठ लेखाई दिएको छु भनी मलाई ललाई-फकाई सोही बखत रु. ५००।- को नोट थान १ समेत दिएर पठाएकोमा सो कुरा म घर आएपछि घरका अभिभावकसमेतलाई भन्दा प्रहरी कार्यालयमा आई निवेदन दिई मेरो स्वास्थ्य परीक्षणसमेत गराई मैले लगाएको पेन्टी र प्रतिवादीले वारदात पश्चात दिएको रु. ५००।- को नोट थान १ प्रहरीले बरामद गरेको हो। प्रतिवादी गणेश श्रेष्ठले मलाई ललाई-फकाई जबरजस्ती करणी गरेको हुँदा निजलाई कानूनबमोजिम कारवाही गरिपाउँ भन्ने बेहोराको पीडिता परिवर्तित नाम लालगढ "क" ले गरेको कागज।

४. पीडिता परिवर्तित नाम लालगढ "क"को शारीरिक र मानसिक अवस्था डराएको र बोल्न नसक्ने अवस्था रहेको देखियो, गुप्ताङ्गमा Lacerated wound देखिएको, दुवै तिघ्राको कापमा Lacerated wound देखियो, पुरुषजन्य बिर्य लागेको देखिन्छ, करणी भएको लक्षणबाट देखिन्छ, कन्याजाली च्यातिएको छ भन्ने बेहोराको जिल्ला स्वास्थ्य कार्यालय, मलंगवा सर्लाहीबाट प्राप्त भएको पीडिताको स्वास्थ्य परीक्षण रिपोर्ट।

५. मेरो एकाघरका दाजुकी छोरी (मेरो भतिजी) वर्ष १४ की परिवर्तित नाम "लालगढ क" मिति २०७१/०७/२८ गते मामा घर महोत्तरी जिल्ला, खैरमारा गई मिति २०७१/०७/२९ गते मामाको छोरीसँग फर्की लालबन्दीसम्म आई घर फर्कन बसस्टैण्डमा बस कुरिरहेका अवस्थामा विपक्षी गणेश बहादुर श्रेष्ठले म पनि घर जाने हो, लगिदिन्छु भनी विश्वास दिलाई सोही बोर्डिङ्ग स्कूलमा कक्षा आठमा पढिरहेकी हुँदा आफ्नो प्रिन्सिपल सरलाई विश्वास गरी घर आउँन लाग्दा घर आउनुको साटो पूर्वतर्फ लगी केही समयपछि फर्किने भनी अनुचित प्रभावमा पारी जिल्ला धनुषा, वेंगाडावर गा.वि.स. वडा नं. ८ स्थित बौवा गेष्टहाउसमा रातभरी राखी डर, त्रास, धाक, देखाई बोले कराएमा ज्यान मार्नेसम्मको धम्की दिई जबरजस्ती करणी गरी भोलीपल्ट मिति

२०७१/०७/३० गतेका दिन उक्त कुरा कोही कसैलाई नभन्नु, भनेमा ज्यान मार्नेसम्मको धम्की दिई रु. ५००।- को नोट थान १ दिई ललाई फकाई मलाई घरतर्फ फकाई दिएको भनी निज छोरीले घरमा आई भन्दा सो कुरा थाहा पाई तत्कालै पीडित छोरीको स्वास्थ्य परीक्षणसमेत गराई सकेको र निज प्रतिवादी गणेशबहादुर श्रेष्ठ तत्काल भागी हिडेकोमा हाल ईलाका प्रहरी कार्यालय, हरिवन, सर्लाहीबाट पक्राउमा परेको हुँदा निजलाई कानूनबमोजिम कारवाही गरिपाउँ भन्ने बेहोराको परिवर्तित नाम हरि कार्कीको जाहेरी दरखास्त।

६. Physical & mental condition of client is normal, No any external injury seen over the whole body, No any type of vaginal fluid seen by naked eye on penis, No mark of friction seen on penis, Other vital stable भन्ने व्यहोराको जिल्ला स्वास्थ्य कार्यालय, मलंगवाबाट भएको प्रतिवादी गणेशबहादुर श्रेष्ठको स्वास्थ्य परीक्षण प्रतिवेदन।

७. जिल्ला धनुषा, वेंगाडावर गा.वि.स. वडा नं. ८ स्थित पूर्वमा नारायण श्रेष्ठको जग्गा, पश्चिममा विजय श्रेष्ठको खाली जमिन, उत्तरमा पूर्वपश्चिम राजमार्ग र दक्षिणमा रामप्रसाद गिरीको जग्गा यति चार किल्लाभित्र बौवा होटल एण्ड गेष्ट-हाउसको पक्की भवनको विचौं तल्लाको २०३ नं. कोठामा पीडिता परिवर्तित नाम "लालगढ क" लाई झ्याल ढोका बन्द गरी, प्रलोभनमा पारी, डरत्रास देखाई मिति २०७१/०७/२९ गते राती सोही कोठाको खाटमा पटक-पटक जबरजस्ती करणी गरेको र सोही गेष्टहाउसमा बस्दा सि.नं. १११५ मा २०३ नं. कोठामा बसेको बिल भरपाई रसिद र इन्ट्री बुकको १८ नं. मा नाम गणेश श्रेष्ठ लेखाई श्रीमान श्रीमती भनी उल्लेख गरेको इन्ट्री बुक बरामद भएको भन्ने बेहोराको घटनास्थल मुचुल्का।

८. मिति २०७१/०७/२९ गते अं. १५:०० बजेको समयमा परिवर्तित नाम "लालगढ क" लाई मैले लालबन्दी बजारमा फेला पारी कहाँ जान लागेको भनी सोधपुछ गरेपछि म आफ्नो घर जान लागेको भनी मसँग भने पश्चात् म तिमीलाई घरमा पुऱ्याई दिन्छु भनी बहाना बनाई मैले निज पीडितालाई केही सामान छुट्यो भन्दै घरतर्फ लगेको अवस्थामा बाटोबाट फर्काई करणी गर्ने उद्देश्यले बर्दीबाससम्म ललाई-फकाई ल्याई तिमी चौकमा बस्दै गर म सामान लिएर आउछु भनी बर्दिबास स्थित गौतम होटलमा

पुगी कोठा खाली छ भनी बुक गर्न गएको र सो होटलमा कोठा नभएपछि पीडितालाई चौकमा आई काम भयो घर फर्कनु पर्छ भन्दै पीडितालाई पुनः मोटर साइकलमा चढाई लालगढतर्फ लिई आउँदा सर मलाई तपाइले के कहाँ लग्नु हुन्छ? मलाई घरमा खोजी हुन्छ? म छोरी मान्छे म जाँदिन भन्दा निजलाई अब तेरो कोही पनि छैन, तँ चुप लागी बस, होहल्ला गरिस् भने मारी जङ्गलमा फाली दिन्छु भनी डर त्रास देखाई म जे भन्छु सोही कुरा मान्नु नत्र तेरो ज्यान छैन, भारतमा भएको बसको घटना जस्तै गरी रेप गरी फाल्छु भन्दै निजलाई डर त्रास देखाई कोही कसैले को हो? भनी सोधेमा हामी श्रीमान श्रीमती हौं भनी भन्नु र नाम के हो? भनी सोधेमा निरु श्रेष्ठ भन्नु भन्दै मैले निज पीडितालाई चौता होटल एण्ड लजसम्म पुर्‍याई काउन्टरमा गई २०३ नं. कोठा रु. ८००।- मा बुक गरी श्रीमान श्रीमती हौं, हामी दुवै जना लालगढ अस्पतालमा उपचार गर्न आएका हौं भनी नाम लेखाई सोही होटलको २०३ नं. कोठामा राखी निज पीडिताले खाना खाँदिन भन्दा पनि मैले जबरजस्ती खाना कोच्याई खुवाई निज पीडिता रुन कराउन लागेपछि मैले पुनः निजलाई डर त्रास देखाई ज्यानसमेत लिने धाकधम्की दिई मिति २०७१/०७/२९ गते रातभरी सोही होटलको झ्याल ढोका बन्द गरी निजले लगाएको कपडासमेत खोली आफैले पढाउने गरेको नाबालिका परिवर्तित नाम "लालगढ क"लाई पटक पटक गरी ४ चोटीसम्म जबरजस्ती करणी गरेको, जबरजस्ती करणी गर्दा बीर्यसमेत भित्र स्खलन गराएको हुँ। मिति २०७१/०७/३० गते विहान उठी होटलमा खाएको पैसासमेत रु.१३९०।- तिरी निज पीडितालाई मैले आफ्नै ना.३१प. १६९३ नं. मोटरसाइकलमा चढाई बर्दीबाससम्म पुर्‍याई यो कुरा कोही कसैलाई नभन्नु भनेमा ज्यान मार्ने डर त्रास दिई निज पीडितालाई रु.५००।-- रुपैयासमेत दिई म मोटरसाइकल लिई भागी फरार भएको हुँ भन्नेसमेत बेहोराको प्रतिवादी गणेशबहादुर श्रेष्ठले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान।

९. मिति २०७१/०७/२८ गतेका दिन मेरो छोरी आफ्नो मामाघर महोत्तरीको खयरमारा गएको र मिति २०७१/०७/२९ गते आफ्नो घर आउने क्रममा निज बालिका लालबन्दी बजारको बस स्टेसनमा बस कुरी रहेको अवस्थामा के कहाँबाट प्रतिवादी गणेशवहादुर श्रेष्ठ आई तिमी कहाँ जान लागेको भनी सोधपुछ गरी म आफ्नो घर जान लागेको भने पश्चात् म तिमीलाई घरमा पुर्‍याईदिन्छु, मसँग हिड् भन्दै निज प्रतिवादीले

आफ्नो मोटरसाइकलमा चढाइ आफ्नो घरतर्फ लगे जस्तो गरी केही परसम्म पुऱ्याई बाटोबाटै फर्काइ समान छुट्यो भन्ने बहाना बनाई तिब्र गतिमा मोटरसाइकल चलाई बर्दीबास हुँदै जिल्ला धनुषा, बेंगाडावर गा.वि.स. वडा नं. ८ स्थित बौवा होटल एण्ड गेष्टहाउसमा राखी रातभरी पटक पटक जबरजस्ती करणी गरी मिति २०७१/०७/३० गतेका दिन बिहान मेरो नाबालिका छोरी वर्ष १३ की परिवर्तित नाम "लालगढ क" लाई बर्दीबास चौकमा छाडी यो कुरा कोही कसैलाई भनेमा ज्यान मार्ने, धाक धम्की, डर त्राससमेत देखाई निज प्रतिवादीले आफुले गरेको अपराधलाई लुकाई छिपाई गर्नको लागि निज पीडितालाई रु. ५००।- समेत दिई सोही बर्दीबास बजार चौकमा छाडी भागी फरार भएका हुन्। निज प्रतिवादीले मेरो नाबालिका छोरीलाई घर परिवारको मञ्जुरी बिना कोही कसैलाई जानकारी नदिई बाटोबाट नै डर त्रास देखाई धनुषा स्थित बौवा होटल एण्ड गेस्ट-हाउसमा राखी पटक-पटक जबरजस्ती करणी गरेको हो। निजलाई कानूनबमोजिम कारवाही गरिपाउँ भन्ने बेहोराको परिवर्तित नाम २०D(ज) ले गरेको कागज।

१०. मिति २०७१/०७/२९ गते अं. १८:०० बजेको समयमा जाहेरीमा उल्लिखित प्रतिवादी गणेशबहादुर श्रेष्ठ मेरो होटलमा आई काँउण्टरमा पुगी कोठा खाली छ कि छैन भनी मलाई सोधपुछ गर्दा मैले कोठा छ, कति जना हुनुहुन्छ? भनी सोध्दा हामी श्रीमान श्रीमती छौं, लालगढ अस्पतालमा उपचार गर्न आएको हौं भने पश्चात् मैले निजलाई मेरो इन्ट्री बुकको सि.नं. १८ मा २०३ नं. कोठा बुक गरी दिए पश्चात् निज प्रतिवादीले बाहिर बसेकी पीडितालाई भित्र ल्याई सरासरी माथिल्लो तल्लाको २०३ नं. कोठामा राखेको हो। निजले इन्ट्री बुकमा आफ्नो नाम गणेश श्रेष्ठ लेखाएको र सो इन्ट्री बुकमा मोवाइल नं. समेत गलत लेखाएको र आफुले लिएको मोटरसाइकल नं. १७९३ लेखाएको र मैले उक्त मोटरसाइकलको नं. चेक गर्दा ना.३१प.१६९३ रहेको रहेछ। मिति २०७१/०७/३० गते निज प्रतिवादी र पीडितासमेत कोठाबाट निस्की तल आउँदा पीडिताको अनुहार विरामी भए जस्तो देखी ओढनीले मुख छोपी गएको अवस्थामा देखेको हुँ, पछि बुझ्दै जाँदा निज प्रतिवादीले आफ्नै विद्यालयमा पढ्ने आफुले पढाउने गरेको छात्रालाई डरत्रास देखाई मेरो होटलमा ल्याई रातभरी जबरजस्ती करणी गरेको कुरा मैले सुनी थाहा पाएको हुँ। निज प्रतिवादी बसेको कोठामा २ वटा खाना

पठाएकोमा १ मात्र खाना खाएको र अर्को खाना नखाएको अवस्थामा रहेको, सोही कोठाको वेडिङ्ग विस्तारा मध्ये दुईवटा सिरानी भुईमा झरेको र वेड खुम्चिएर रहेको अवस्थामा रहेको र निजले खाना लिएर जाँदा पनि पीडिता पूर्वतर्फ फर्की घोप्टो अनुहार लगाई रोए जस्तो गरी खाटमाथि बसेकी अवस्थामा देखेको हो। यस्ता अपराधिक प्रवृतिका व्यक्तिलाई कानूनबमोजिम कारवाही होस् भन्ने व्यहोराको बौवा होटलका मैनेजर विकास खड्का र सोही होटलका नारायण पोखरेलले गरेको घटना विवरण कागज।

११. पीडिता मेरो फुपु दिदीकी छोरी हुन। उनी मिति २०७१/०७/२८ गते आफ्नो मामाघर आएकी हुन। पीडिता मेरो बहिनी नाता पर्छिन्। मिति २०७१/०७/२९ गते पीडिता मसँग १५.०० बजेको समयमा लालबन्दी बजार पुगी केहीबेर घुमी बस चढाउन बस-स्टेंसनमा पुगी बसी रहेको अवस्थामा प्रतिवादी गणेशवहादुर श्रेष्ठ मोटरसाईकलमा आई सोधपुछ गरी म आफ्नो घर जान लागेको भने पश्चात् पीडिताले म बसमा आउछु सर भन्दा पनि नमानी म तिमीलाई घरमा पुऱ्याईदिन्छु, मसँग हिड भन्दै कर गरी निज प्रतिवादीले आफ्नो ना.३१प. १६९३ नम्बरको मोटरसाइकलमा चढाइ आंफ्नो घरतर्फ लगेको मैले देखेको हुँ। सो दिन घर लगे जस्तो गरी केही परसम्म पुऱ्याई बाटोबाटै फर्काइ तिव्र गतिमा मोटरसाइकल चलाई बर्दीबास हुँदै जिल्ला धनुषा, वेंगाडावर गा.वि.स. वडा नं. ८ स्थित बौवा गेष्टहाउसमा राखी रातभरी पटक पटक जबरजस्ती करणी गरी मिति २०७१/०७/३० गतेका दिन विहान मेरो बहिनी वर्ष १३ की परिवर्तित नाम "लालगढ क" लाई बर्दीबास चौकमा छाडी यो कुरा कोही कसैलाई भनेमा ज्यान मार्ने धाक, धम्की, डर, त्राससमेत देखाई निज प्रतिवादीले आफुले गरेको अपराधलाई लुकाई छिपाई गर्नको लागि निज पीडितालाई रु. ५००।- समेत दिई सोही बर्दीबास बजार चौकमा छाडी निज प्रतिवादी भागी फरार भएका हुन। सो कुरा मैले पीडिताले भन्दा सुनी थाहा पाएको हुँ भन्ने समेत व्यहोराको अंन्जना थापाले गरेको घटना विवरण कागज।

१२. जिल्ला सर्लाही, राजघाट गा.वि.स. वडा नं. ८ स्थित दिलबहादुर श्रेष्ठको २ तल्ले पक्की घरको अगाडि बुर्जा रहेको, सो घरको अगाडि पट्टी खुल्ला आँगनमा अगाडिको भाग पश्चिम र पछाडीको भाग पूर्व भई रहेको ना.३१.प.१६९३ नं. को निलो रंगको पलसर

१५० सि.सी.को मोटरसाइकल राखिएको अवस्थामा रहेको वारदातमा प्रतिवादी गणेशबहादुर श्रेष्ठले प्रयोग गरेको उक्त मोटरसाइकल प्रहरीले बरामद गरी लगेको भन्ने व्यहोराको बरामदी मुचल्का।

१३. मिति २०७१/०७/२९ गते प्रतिवादी गणेशबहादुर श्रेष्ठले आफ्नो स्कूलमा कक्षा ८ मा अध्ययनरत वर्ष १३ की परिवर्तित नाम "लालगढ क" लाई लालबन्दी बजारको बस-स्टेशनबाट ना.३१प.न१६९३ नं.को मोटरसाइकलमा राखी घर पुऱ्याई दिन्छु भनी आफ्नो घरतर्फ लगेजस्तो गरी पुनः पीडितालाई फर्काई ल्याई डर, त्रास देखाई जिल्ला धनुषा, वेंगाडावर गा.वि.स. वडा नं. ८ स्थित बौवा होटल एण्ड गेष्टहाउसमा ल्याई सोही होटलको २०३ नं. कोठामा राखी निज पीडितालाई डर त्रास देखाई ज्यान मार्ने धाक धम्कीसमेत दिई राती पटक-पटक जबरजस्ती करणी गरी निज पीडितालाई जबरजस्ती करणी गरेको कुरा कोही कसैलाई भनेमा ज्यान मारी फाली दिने धाक दिई निजलाई मिति २०७१/०७/३० गते विहान आफ्नै मोटरसाइकलमा राखी बर्दीबास चौकमा लगी नगद रु. ५००।- दिई प्रतिवादी भागी फरार भएको हो भन्नेसमेत व्यहोराको प्रदिपजंग थापा, कृष्ण खड्का, रमेश कुमार पहाडी समेतले लेखाई दिएको बस्तुस्थिती मुचुल्का।

१४. परिवर्तित नाम "लालगढ क" लाई प्रतिवादी गणेशबहादुर श्रेष्ठले ललाई-फकाई जबरजस्ती मोटरसाईकलमा बसाई अपहरण गरी जिल्ला धनुषा, वेंगाडावर गा.वि.स. वडा नं. ८ स्थित बौवा होटल एण्ड गेष्ट-हाउसमा लगी कोठा नं. २०३ लिई १३ वर्षिया पीडितालाई डर, त्रास, धाक धम्कीसमेत दिई रातभरी पटक पटक जबरजस्ती करणी गरी मिति २०७१/०७/३० गते विहान सोही होटलबाट पीडितालाई बर्दिबासमा पुऱ्याई कोही कसैलाई सो कुरा भनेमा ज्यान मारी फालिदिन्छु भनी धाक धम्की दिई नगद रु. ५००।- पीडितालाई दिई पीडितालाई त्यही छाडी भागी गएको तथ्य पुष्टी भएको हुँदा प्रतिवादी गणेशबहादुर श्रेष्ठलाई अपहरण तथा शरीर बन्धक लिएको कसूरतर्फ मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको १ र २ नं. बमोजिमको कसूरमा ३ नं. अनुसार सजाय गरी सोही महलको ९ नं. अनुसार थप सजाय भई १२ नं. बमोजिम प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति दिलाई भराई पाउन तथा जबरजस्ती करणीको कसूरतर्फ मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. र

३(२) नं. बमोजिमसमेत सजाय गरी सोही १० नं. र १०ग. नं. बमोजिम प्रतिवादीबाट पीडितालाई क्षतिपूर्तिसमेत दिलाई भराई पाउँ भन्नेसमेत व्यहोराको अभियोगपत्र।

१५. जाहेरी दरखास्तको व्यहोरामा म उपर लगाइएको आरोप झुठा हो। मैले कसैलाई पनि जबरजस्ती करणी गरेको छैन। मिति २०७१/०७/२९ गतेका दिन म ससरड़ी बचत तथा ऋण संहकारी संस्था लिमिटेड, राजघाट ६, सर्लाहीको बैठक सकी अन्दाजी ३ बजेपछि मेरो आफ्नो श्रीमतीलाई लिएर जनकपुर आउने क्रममा साँझ परी राती बौवा गेष्ट हाउस लालगढमा बसेको, भोलीपल्ट जनकपुर आई घुमफिर गरी जानकी मन्दिर दर्शन गरी फर्किने क्रममा मलाई ईलाका प्रहरी कार्यालय, हरिऔनमा प्रहरीले पक्राउ गरेको हो। मसंग मेरो श्रीमती चन्डिका श्रेष्ठ साथै छिन्। मैले कसैलाई जबरजस्ती करणी गरेको छैन। मेरो जिल्ला सर्लाहीं, राजघाटमा बोर्डिङ्ग छ। म सो नमूना ज्ञानोदय एकेडेमी स्कूलको संचालक पनि हो। मेरो सो बोर्डिङ्ग राम्ररी चलेको र विधार्थी पनि राम्रो रहेका हुँदा त्यहाँ अरु बोर्डिङ्ग स्कूल राम्रो नचलेको हुँदा मलाई सो कारणबाट र राजनैतिक कारणबाट फसाएको हो। मलाई अभियोग दावी अनुसारको सजाय हुनुपर्ने होइन। म निर्दोष छु। मलाई अभियोग दावीबाट छुटकारा गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिवादी गणेशबहादुर श्रेष्ठले सुरु जिल्ला अदालतमा गरेको बयान।

१६. प्रमाण बुझ्दा ठहरेबमोजिम हुने नै हुँदा हाल मुलुकी ऐन, अ.बं. ११८ नं. को देहाय (२) को अवस्था विद्यमान रहेकोले प्रतिवादी गणेशबहादुर श्रेष्ठलाई थुनामा राखी पुर्पक्ष गर्नू भन्ने धनुषा जिल्ला अदालतको मिति २०७१/०८/२८ को आदेशानुसार निज प्रतिवादी मुद्दा पुर्पक्षका निमित्त थुनामा रहेको।

१७. मिति २०७१/०७/२९ गते राती जिल्ला धनुषा, अन्तर्गत पर्ने लालगढको बौवा होटल एण्ड गेष्ट हाउसमा म र मेरो श्रीमान गणेशबहादुर श्रेष्ठ थियौं। हामी बेलुका ६.३० बजे बास बस्न पुगेका थियौं। भोलीपल्ट बिहान ७.३० बजे तिर होटेलबाट निस्केका हौं। त्यसकारण मेरो पति उपर लगाइएको अभियोग दावी झुठा हो भनी प्रतिवादीका साक्षी चन्डिका श्रेष्ठले शुरु अदालतमा गरेको बकपत्र।

१८. अनुसन्धानको क्रममा भएको कागजको व्यहोरा र सोमा लागेको सहिछाप मेरै हो। मेरो फुपुको छोरी निज पीडित बैनीलाई म घर पुऱ्याई दिन्छु भनी बाईकमा राखी घर

नपुऱ्याई बौवा होटलमा ल्याई राती त्यही राखी जबरजस्ती करणी गरेको हो भन्नेसमेत व्यहोराको प्रहरीमा कागज गर्ने अन्जना थापाले शुरु अदालतमा गरेको बकपत्र।

१९. मिति २०७१/०७/३० गते अनुसन्धानको क्रममा गरेको कागज व्यहोरा र सोमा लागेको सहिछाप मेरै हो। २०७१/०७/२८ गते म दिदी अन्जना थापासँग मामा घर खैरमारा गई भोलीपल्ट घर जान हिडें। लालबन्दीमा हाम्रो प्रिन्सिपल बाईक लिई म नजिक आई घर पुऱ्याई दिन्छु भनी मलाई बाईकमा राखी लालगढको बौवा होटलमा ल्याई मलाई धाक-धम्की दिई माथिल्लो तल्लामा लिई जानु भयो। मलाई सो होटेलको २०३ नं. कोठामा राखी पटक पटक करणी गर्नु भयो। भोलीपल्ट बिहान बाईकमा राखी बर्दिबास चोकमा ओराली मलाई रु. ५००।- को नोट दिई यो कुरा कसैलाई नभन्नु भनेमा इज्जत जान्छ भन्नु भो। म बस चढी घरमा पुगी भएको सम्पूर्ण विवरण आमालाई भनी बरहथवा प्राथमिक स्वास्थ्य केन्द्रमा जाँच गराएको हो भन्ने समेत व्यहोराको पीडित "लालगढ क" ले शुरु अदालतमा गरेको बकपत्र।

२०. सरकारी साक्षी प्रिति पौडेल, बरामदी मुचुल्काका साक्षी पुष्पबहादुर खड्का, घटना विवरण कागज गर्ने परिवर्तित नाम २०(D), बरामदी मुचुल्काका व्यक्ति कृष्णबहादुर बाईवा, बहादुर सिंह खडका, जाहेरवाला परिवर्तित नाम हरि कार्की तथा प्रहरीमा कागज गर्ने विकास खड्काले शुरू अदालतमा गरेको बकपत्र मिसिल सामेल रहेको।

२१. प्रतिवादीका साक्षी चण्डिका श्रेष्ठ, शंकर दर्लामी, दिनेश कुमार राईले शुरु अदालतमा गरेको बकपत्र मिसिल सामेल रहेको।

२२. जिल्ला सरकारी वकिल कार्यालय, धनुषाको च.नं. ११७० मिति २०७२/०१/०८ को पत्रसाथ बरामद गरिएका भौतिक बस्तुहरुको परीक्षण प्रतिवेदन मिसिल सामेल रहेको।

२३. प्रतिवादी विरूद्ध किटानी जाहेरी दर्खास्त परेको, प्रतिवादी अदालतमा कसूरमा इन्कार रहेको भए तापनि निजले अधिकार प्राप्त अधिकारी समक्ष जबरजस्ती करणीको कसूरमा सावित भई बयान गरेको देखिएको, पीडित तथा होटल मेनेजर एवं अन्जना थापाले मौकामा लेखाएको व्यहोरालाई समर्थन हुने गरी अदालतमा बकपत्र गरेको देखिएको र परीक्षण प्रतिवेदनबाट समेत प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको कुरा पुष्टि हुन आएकोले निज प्रतिवादी गणेशवहादुर श्रेष्ठले मुलुकी ऐन, जबरजस्ती करणीको

महलको १ नं. विपरीत ३(२) नं. अनुसारको कसूर गरेकोले निजलाई सोही महलको ३(२) नं. बमोजिम तजविजी १०(दश) वर्ष कैद सजाय हुने ठहर्छ। साथै, पीडिता परिवर्तित नाम "लालगढ क" लाई भएको शारीरिक तथा मानसिक क्षतिको आधारमा प्रतिवादीबाट दुई लाख रुपैयाँ क्षतिपूर्तिसमेत भराई दिने ठहर्छ। घटनाको प्रकृति एवं प्रतिवादीको हर्कत व्यवहारको सुक्ष्म अध्ययन समेतबाट प्रतिवादीको पीडितलाई जबरजस्ती करणी गर्नेसम्म मनसाय रहेको देखिएको, तर अपहरण गर्ने मनसाय पुष्टि हुन सकेको नदेखिँदा प्रतिवादीलाई अपहरणतर्फ समेत सजाय गरिपाउँ भन्नेसम्म अभियोग दावी पुग्न नसक्ने ठहर्छ भन्ने सुरु धनुषा जिल्ला अदालतको मिति २०७२/०२/२५ मा भएको फैसला।

२४. जबरजस्ती करणी जस्तो गंभीर प्रकृतिको मुद्दामा जाहेरी र बयानको आधारमा मात्र नभई तथ्य र प्रमाणको आधारमा फैसला गर्नु पर्नेमा सो नगरी पीडिताको मौकामा भएको शारीरिक परीक्षणलाई मात्र आधार लिएको छ। केन्द्रिय प्रहरी विधिविज्ञान प्रयोगशालाबाट पीडित र प्रतिवादी दुवैले प्रयोग गरेको पेन्टी, पीडितको भेजिनल स्वाव, प्रतिवादीको बीर्य परीक्षण गरी पठाईएकोमा पीडितको पेन्टी जाँच हुँदा उक्त पेन्टीमा प्रतिवादीको बीर्य नभेटिएको भन्ने उल्लेख भएबाट प्रतिवादी उपरको अभियोग पुष्टि भएको छैन। सुरू जिल्ला अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी अभियोग दावीबाट सफाई पाउँ भन्ने समेत व्यहोराको प्रतिवादी गणेशवहादुर श्रेष्ठको उच्च अदालत जनकपुरमा परेको पुनरावेदनपत्र।

२५. प्रतिवादी गणेश वहादुर श्रेष्ठले पीडितलाई अपहरण गरी जबरजस्ती करणी गरेको तथ्य प्रमाणित हुँदाहुदै अपहरणतर्फ सुरू जिल्ला अदालतबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा सो हदसम्म बदर गरी अभियोग माग दावीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको तर्फबाट उच्च अदालत जनकपुरमा परेको पुनरावेदनपत्र।

२६. घटनाको प्रकृति एवं प्रतिवादीको व्यवहारको अध्ययनसमेतबाट प्रतिवादीको पीडितलाई जबरजस्ती करणी गर्नेसम्म मनसाय रहेको देखिएको भनी अपहरणतर्फ अभियोग दावी पुग्न नसक्ने ठहराएको तथा दोहोरो पुनरावेदन परेको सन्दर्भमा धनुषा जिल्ला अदालतबाट मिति २०७२/०२/२५ मा भएको फैसला विचारणीय देखिई फरक पर्न

सक्ने देखिँदा मुलुकी ऐन, अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम प्रत्यर्थी झिकाई आए वा अवधि नाघेपछि पेश गर्नु भन्ने उच्च अदालत जनकपुरको मिति २०७३/०३/०८ गतेको आदेश।

२७. सुरू धनुषा जिल्ला अदालतबाट जबरजस्ती करणीको कसूर कायम गरी भएको फैसला मिलेकै देखियो। सजायका हकमा भने दश वर्ष कायम गर्ने गरेको तर्फ भने केही उल्टी भै घटी सजाय हुँदा समेत न्यायको मकसद पुरा हुने भएकाले प्रतिवादीलाई आठ वर्ष कैद भई दुई लाख रुपयाँ पीडितले क्षतिपूर्ति भराई पाउने ठहर्छ। अपहरणतर्फ समेत सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन तथा सफाई पाउनु पर्ने भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्नेसमेत व्यहोराको उच्च अदालत जनकपुरको मिति २०७३/०८/१५ को फैसला।

२८. सुरू अदालत तथा उच्च अदालतबाट फैसला हुँदा सबुत प्रमाणहरूको विवेचना नै गरिएन। एउटा बनावटी कपोलकल्पित तथा फसाउने नियतले नभए नगरेको अपराधमा अपराध गरेको हो भनी अपराधी करार गर्नु सरासर गैरकानूनी छ। अपराध स्वतन्त्र प्रमाणहरूले पुष्टि गर्दैन। जबरजस्ती करणी जस्तो गम्भीर प्रकृतिको विषयमा सुक्ष्म विश्लेषण गरी अपराधी करार गर्नुपर्नेमा सो नगरी व्यक्तिको भनाईलाई मात्र आधार बनाइएको छ। मेरो स्वास्थ्य परीक्षण रिपोर्ट हेरिएको छैन। केटी बोल्न नसक्ने र डराएको व्यहोरा, घटना सुनाएमा मार्नेसमेत बेहोरा निज पीडितसँग खुल्न आएको भन्दै पठाइएको स्वास्थ्य परीक्षण रिपोर्टलाई आधार बनाई फैसला भएको छ। केटीको तिघ्रामा लागेको बीर्य मेरो हो भनी कहिंकतै प्रमाणित भएको छैन। यस्ता प्रमाणहरूको विवेचना नै नगरी भएको फैसलामा न्यायिक मनको अभाव छ। जबरजस्ती करणी जस्तो जघन्य अपराधमा ८ वर्ष कैद तथा पीडितलाई दुई लाख रूपैयाँ क्षतिपूर्ति दिलाउने फैसला अन्यायपूर्ण छ। सो फैसला उल्टी गरी अभियोग दावीबाट सफाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी गणेश बहादुर श्रेष्ठको यस अदालतमा परेको पुनरावेदनपत्र।

२९. जबरजस्ती करणी गर्ने उद्देश्यले पीडित १३ वर्षीया बालिकालाई घर पुर्‍याई दिन्छु भनी झुक्याई लजमा लगेर धम्क्याई रातभरी राख्ने कार्य मुलुकी ऐनको अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १, २ तथा ३ नं. बमोजिमको कसूरजन्य कार्य हो।

प्रतिवादीलाई अपहरणको कसूरतर्फ पनि दावीबमोजिम सजाय गरिनु पर्दछ। उच्च अदालतको उक्त फैसलामा कानूनको व्याख्या तथा प्रमाण ऐन, २०३१ को दफा ५४ को समेत कानूनी त्रुटी भएको छ। आफू प्रिन्सिपल भएकै स्कूलको बालिकालाई घर पुऱ्याई दिन्छु भनी झुक्याई डर, धाक, धम्की देखाई रातभरी लजमा बन्धक बनाएर राखी ४ पटकसम्म जबरजस्ती करणी गर्ने प्रतिवादीको कसूरको अनुपातमा निजलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(२) नं. बमोजिम १० वर्ष कैद गर्ने गरी भएको सुरु फैसला केही उल्टी गरी केवल ८ वर्ष मात्र कैद गर्ने गरी भएको उच्च अदालत जनकपुरको फैसलामा तजविजी अधिकारको त्रुटिपूर्ण प्रयोग भएको छ। उक्त फैसला किस्न चित्रकार विरुद्ध नेपाल सरकार भएको जबरजस्ती करणी मुद्दामा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त (ने.का.प.२०६६, भाद्र, नि.नं. ८१४८, पृष्ठ ९८४) समेतको प्रतिकूल छ। अभियोगपत्र मागदावी अनुसार कसूर कायम गरी प्रतिवादीलाई सजाय हुनु पर्दछ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा परेको पुनरावेदनपत्र।

३०. प्रतिवादी र वादी नेपाल सरकारको दोहोरो पुनरावेदन परेको देखिँदा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको २०२ नं. को प्रयोजनार्थ उल्लिखित पुनरावेदन परस्पर सुनाई पेश गर्नु भनी यस अदालतबाट मिति २०७५/०२/२७ मा भएको आदेश।

## यस अदालतको ठहरः

३१. नियमबमोजिम पेसी सूचीमा चढी सुनुवाईका लागि पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ता श्री सोमकान्त भण्डारीले प्रतिवादी गणेशबहादुर श्रेष्ठले सर्लाही जिल्लाको लालबन्दी बस स्टपबाट पीडित परिवर्तित नाम "लालगढ क" लाई घर पुऱ्याई दिन्छु भनी छलछाम गरी, झुक्याई धनुषा जिल्ला स्थित बौवा होटल एण्ड गेष्ट हाउसमा लगेर २०३ नं. को कोठामा राखी डर त्रास देखाई राती पटक पटक जबरजस्ती करणी गरेको र भोलीपल्ट होटलबाट बर्दिबास पुऱ्याई सो कुरा कोही कसैलाई भनेमा ज्यान मारेर फालीदिन्छु भनी धाक-धम्की दिई नगद रु.५००।- पीडितालाई दिई छाडी भागी गएको तथ्य प्रमाणबाट पुष्टी भएको छ; १३ वर्षकी नाबालिकालाई झुक्याई बुबा आमाको मंजुरी नलिई करणी गर्ने उद्देश्यले एक ठाउँबाट अर्को ठाउँ लगिएको कार्यलाई अपहरण तथा शरीर बन्धक

लिनेको महलको १, २ र ३ नं. बमोजिमको कसूर मान्नु पर्दछ; तसर्थ प्रतिवादीलाई सुरू अभियोग माग दावीबमोजिम सजाय हुनुपर्नेमा जबरजस्ती करणीतर्फ त्रुटिपूर्ण रुपमा घटी तजविजी कैद सजाय गरिएको छ; उच्च अदालत जनकपुरको फैसला प्रमाणको मूल्याङ्कन, कानूनको प्रयोग र व्याख्याका दृष्टीले तथा प्रतिपादित सिद्धान्त समेतका दृष्टीले त्रुटिपूर्ण छ; शुरु अभियोगपत्र माग दावीबमोजिम कसूर कायम भई प्रतिवादीलाई कसूरको मात्रा अनुसार सजाय हुनु पर्दछ भनी बहस जिकिर गर्नु भयो। प्रतिवादी गणेशबहादुर श्रेष्ठको तर्फबाट विद्वान अधिवक्ताहरू श्री धीरेन्द्र सिंह, श्री अन्जन धिताल र श्री जयलाल भण्डारीले प्रतिवादी उपरको उजुरी व्यक्तिगत रिसईवीका कारण दिईएको हो; प्रतिवादीले आफ्नो श्रीमतीलाई उपचार गराउन जनकपुर अस्पताल लिई जाँदा राती अबेर भएकोले बौवा होटलमा बास बसेको हो; होटलका मेनेजर विकास खड्काले अदालत समक्ष गरेको बकपत्रमा खुलाएको केटीको उमेर र पीडित भनिएकी बालिकाको उमेर मिल्दैन; कोठामा पटक-पटक खाना मगाएर खाएको देखिएको छ; जबरजस्ती करणी गरेको भए पीडितले हार-गुहार गर्न सक्ने अवस्था थियो, तर निज पीडितले कुनै हार-गुहार गरेको भन्ने देखिँदैन; प्रतिवादीको शरीरको परीक्षणबाट जबरजस्ती करणीको कुनै संकेत पाइएको छैन; प्रतिवादी गणेशबहादुर श्रेष्ठ एक ईज्जतदार र शैक्षिक कार्यमा संलग्न प्रतिष्ठित व्यक्ति हुन; निजलाई कसूरदार ठहर गरेको सुरू धनुषा जिल्ला अदालत तथा उच्च अदालत जनकपुरको फैसला न्यायोचित छैन; निज प्रतिवादीलाई अभियोग दावीवाट सफाई दिइनु पर्दछ भनी गर्नु भएको बहस जिकिर समेत सुनियो।

३२. अब यसमा प्रतिवादीलाई अपहरण तर्फको अभियोग दावीबाट सफाई दिने र जबरजस्ती करणी तर्फ सुरु जिल्ला अदालतले ठहर गरेको सजायभन्दा घटी सजाय गर्ने गरी उच्च अदालत जनकपुरबाट भएको फैसला कानून अनुकूल छ वा छैन? वादी नेपाल सरकार तथा प्रतिवादी गणेशबहादुर श्रेष्ठको पुनरावेदन जिकिर पुग्न सक्तछ वा सक्तैन? भन्ने प्रश्नमा निर्णय दिनु पर्ने देखिन आयो।

३३. निर्णयतर्फ विचार गर्दा, प्रतिवादी गणेशबहादुर श्रेष्ठ उपर मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ र २ नं. बमोजिमको कसूरमा सोही महलको ३ नं. बमोजिम सजाय गरी ऐ. महलको ९ नं. अनुसार थप सजाय हुन भनी तथा जबरजस्ती करणीको कसूरतर्फ मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. को देहाय (२)

बमोजिम सजाय हुन र सोही जबरजस्ती करणीको महलको १० नं. र १०ग नं. बमोजिम प्रतिवादीबाट पीडितलाई क्षतिपूर्तिसमेत दिलाई भराई पाउँ भनी वादी नेपाल सरकारको तर्फबाट अभियोगपत्र दायर भएको देखियो। सुरू धनुषा जिल्ला अदालतबाट मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. र ३ नं. को देहाय (२) अनुसारको कसूर ठहर गरी दश वर्ष कैद सजाय हुने, पीडितालाई प्रतिवादीबाट रु. दुई लाख क्षतिपूर्ति भराई दिने, अपहरणतर्फको अभियोग दावी नपुग्ने भनी फैसला भएको पाइयो। सो फैसला उपर वादी तथा प्रतिवादी दुवै पक्षको पुनरावेदन परेकोमा उच्च अदालत जनकपुरले कसूर ठहर गरेको हकमा सुरु फैसला सदर गरी जबरजस्ती करणीको कसूरमा आठ वर्ष मात्र कैद गरेपनि "न्यायको मकसद पुरा हुने" भनी फैसला गरेको देखियो। यसरी उच्च अदालतबाट भएको फैसला उपर वादी तथा प्रतिवादी दुवै पक्षबाट यस अदालतमा पुनरावेदन पर्न आएको सन्दर्भमा अहिले न्याय निरुपण गर्नु पर्ने हुन आएको छ।

३४. प्रतिवादी गणेशबहादुर श्रेष्ठले पीडित बर्ष १३ कि नाबालिका परिवर्तित नाम "लालगढ क" लाई मिति २०७१/०७/२९ गतेका दिन ललाई-फकाई मोटरसाईकलमा बसाई, निजको घर पुऱ्याईदिन्छु भनी झुक्याई सर्लाही जिल्लाको लालबन्दी बस-स्टपबाट धनुषा जिल्लाको वेंगाडावर गा.वि.स. वडा नं. ८ स्थित बौवा होटल एण्ड गेष्ट हाउसमा लगी कोठा भाडामा लिई निज पीडितालाई डर, त्रास, धाक धम्कीसमेत दिई पटक पटक जबरजस्ती करणी गरेको, अर्को दिन ३० गते विहान बौवा होटलबाट पीडित परिवर्तित नाम "लालगढ क" लाई बर्दिबासमा पुऱ्याई होटलमा लगेर करणी गरेको कुरा कोही-कसैलाई भनेमा ज्यान मारेर फालिदिने भनी धम्की दिएको र नगद रु. ५००।- पीडितालाई दिई निजलाई त्यही बर्दिवासमा नै छाडेर प्रतिवादी गणेशबहादुर श्रेष्ठ भागेको भन्ने तथ्य सुरु जाहेरी दर्खास्त, पीडितको बयान, निज पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन, जाहेरवाला, पीडित तथा अन्जना थापा लगायतका वादी पक्षका साक्षीहरुले अदालतमा गरेको बकपत्र, बुझिएका मानिसहरुको भनाई, बौवा होटलका मेनेजर विकास खड्का र सोही होटलका नारायण पोखरेलले गरेको घटना विवरण कागज, प्रतिवादी गणेशबहादुर श्रेष्ठले अधिकारप्राप्त अधिकारी समक्ष गरेको बयान समेतका कागज प्रमाणहरुबाट देखिएको छ। वारदातको प्रकृति, घटनाक्रम, कसूर हुँदाको

परिस्थिति सम्बन्धमा प्रष्टताका लागि अब यस प्रसंगमा पीडितको भनाई र प्रतिवादी गणेशबहादुर श्रेष्ठले अधिकारप्राप्त अधिकारी समक्ष गरेको बयान व्यहोराका केही अंश उधृत गर्नु आवश्यक देखिन्छ।

३५. पीडित परिवर्तित नाम "लालगढ क" ले अनुसन्धान अधिकारी समक्ष गरेको कागजमा निम्न व्यहोरा उल्लेख भएको देखिन्छः

> जाहेरवाला परिवर्तित नाम हरि कार्की मेरो काका हुन्, प्रतिवादी गणेश श्रेष्ठ म अध्ययनरत नमुना ज्ञानोदय एकेडेमी बोर्डिङ् स्कूलका प्रिन्सिपल भएको हुँदा म राम्रोसँग चिन्दछु। निजसँग मेरो पूर्व रिसइबी केही पनि छैन। म सोही स्कूलमा कक्षा ८ मा अध्ययन गर्दै आईरहेकोमा मिति २०७१/७/२८ गतेका दिन म मेरो आफ्नो घरबाट मामा घर जिल्ला महोत्तरीमा गई मामाघरबाट मिति २०७१/७/२९ गतेका दिन दिउँसो २ बजे तिर फर्की आई लालबन्दी स्थित बस प्रतिक्षालयमा गाडी कुरेर बसेको अवस्थामा निज प्रतिवादी गणेश श्रेष्ठ म नजिक आई मसँग सोधखोज गरेकोले म मामाघरबाट आएको, घर जान लागेको भनी भने पश्चात् निजले म तिमीलाई घर पुऱ्याई दिन्छु भनी भनेको हुँदा म बस आएपछि आफै जान्छु भन्दा समेत नमानी मलाई ललाई फकाई कर गरी तिमीलाई मोटरसाईकलमा राखी घर पुऱ्याई दिन्छु भनी मोटरसाईकलमा राखेर घरतर्फ नल्याई उल्टै हाई-वे रोड हुँदै बर्दिबासतर्फ फर्काई लगेकोले कहाँ जान लागेको भन्दा म तुरून्तै घुमाएर लगिहाल्छु भनी मलाई गुमराह पारी निजले बेलुकी पख जिल्ला धनुषा, वेंगाडावर गा.बि.स. वडा नं. ८ स्थित बउवा (बौवा) होटल लजमा लगी मलाई सोही लजको माथिल्लो दोस्रो तलामा रूम बुक गराई राखी मेरो इच्छा विपरीत निज प्रतिवादीले मलाई डर त्रास धम्की दिई बोले कराएमा ज्यान मार्नेसम्मको धाक धम्की दिई पटक पटक जबरजस्ती करणी गरेको र सो कुरा कोही कसैलाई भनेमा ज्यान मारी फालिदिने सम्मको धम्की दिई मिति २०७१/७/३० गते विहान मलाई निजले नै बर्दिबास ल्याई छोडेको र छाड्ने बेलामा पनि यो कुरा कसैलाई पनि नभन्नु भनेमा पनि मेरो के हुन्छ, तेरो इज्जत जान्छ, मैले होटलमा नाम परिवर्तन गरी श्रीमान श्रीमती भनी तिम्रो नाम निरू श्रेष्ठ लेखाई दिएको छु भनी मलाई ललाई फकाई सोही बखत रु. ५००।- को नोट समेत दिएर पठाएको र घरमा कोही कसैले सोधेमा म साथी कहाँ गएर बसेर आएको भनी भन्नु भनेर सिकाएर पठाएको हुँदा म घरमा आएपछि मैले मेरो अभिभावकहरूलाई सोही अनुसारको बेहोरा बताएको हुँदा मलाई अभिभावकहरूले तत्कालै यस कार्यालयमा लिएर आई निवेदन दिई

मेरो स्वास्थ्य परीक्षणसमेत गरी मैले तत्काल वारदातको समयमा लगाएको पेण्टी र मलाई निज प्रतिवादीले वारदात पश्चात् ललाई फकाई यो कुरा कसैलाई नभन्नु भनी दिएको ख/९८ ८७०४५३ नं. को रू.५००।- दरको कागजी नोट समेत प्रहरीले कानूनबमोजिम बरामद गरेको हुँदा निज प्रतिवादीले म एक विद्यार्थी नाबालिकालाई घरमा पुऱ्याई दिन्छु भनी ललाई फकाई अज्ञात स्थल होटल लजमा पुऱ्याई डर त्रास धम्की दिई मेरो इच्छा विपरीत जबरजस्ती करणी गरेको हुँदा निज प्रतिवादी गणेश श्रेष्ठलाई हदैसम्मको कानूनी कारवाही गरिनु पर्दछ।

३६. पीडित परिवर्तित नाम "लालगढ क" ले अदालतमा बकपत्र गर्दा निम्नानुसारको व्यहोरा खुलाएको पाइयो:

२०७१ साल कार्तिक २६ गते मैं दिदीसँग मामाघर खयरमारा गई भोलीपल्ट २ बजे, म खयरमाराबाट दिदीसंगै घर जान भनी हिडें। मामाको छोरी अंजना थापासँग लालबन्दी पुगें। अन्दाजी ४ बजे तिर घर जाने बस कुरेर बसिरहेको थिएँ, दिदी र म। सोही समयमा हाम्रो प्रिन्सिपल बाइकमा म नजिक आई मलाई कहाँ जान लागेको भनी सोध्दा मैले घर जान बस कुरेको भन्दा हिड म पुऱ्याई दिन्छु भनी भने। मैले बसमा नै जान्छु भन्दा म तिम्रो घरसम्मै पुऱ्याई दिन्छु भने र म बाइकमा चढें। अलिक पर लगी बाइक फर्काए। कहाँ जान लागेको भन्दा मेरो अलिक कामँ छ, तिमीलाई घरै पुऱ्याई दिन्छु भने र मलाई बाइकमा राखी सरासर लालगढको बौवा होटलमा ल्याए। त्यहाँ बाहिर बाइक र मलाई राखी मेरो एकैछिन भित्रै काम छ, तिमी यही बस्दै गर भनी मलाई बाहिर राखी वहा भित्र पस्नु भयो। एकैछिनपछि भित्रबाट आएपछि यो मेरो ठाउँ हो। तिम्रो को छ र हिड भनी धम्क्याई मलाई सो होटलको माथि तल्लामा लिई जानु भयो। मलाई सो होटलको २०३ नं. कोठामा राखी पटक पटक करणी गर्नु भयो। राती म त्यहीं बसी भोलीपल्ट विहान मलाई त्यहाँबाट बाइकमा राखी बर्दिबास चोकमा पुऱ्याई ओराल्नु भयो र मलाई ५००।- को नोट दिई यो कुरा कसैलाई नभन्नु, भनिस भने तँलाई मारी दिन्छु, तेरो इज्जत जान्छ, मलाई के हुन्छ भनी उ कता गयो मलाई थाहा भएन। म बस चढी आफ्नो घरमा पुगी भएको संम्पूर्ण विवरण आमालाई भनेपछि मेरो काकाले प्रहरीमा जाहेरी दिएको हो र मलाई बरहथवा प्रा.स्वा. केन्द्रमा जाँच गराएको हो।

३७. जिल्ला स्वास्थ्य कार्यालय सर्लाहीबाट दिइएको पीडित बालिकाको स्वास्थ्य परीक्षण प्रतिवेदनमा निज पीडितको "शारीरिक र मानसिक अवस्था डराएको र बोल्न नसक्ने

अवस्था रहेको, गुप्ताङ्गमा Lacerated wound देखिएको, दुवै तिघ्राको कापमा Lacerated wound देखिएको, पुरुषजन्य वीर्य लागेको, करणी भएको लक्षणबाट देखिएको, कन्याजाली च्यातिएको भनी उल्लेख भएको पाइयो। पीडित बालिकाको स्वास्थ्य परीक्षण गरिएको उल्लिखित प्रतिवेदनबाट निज बालिका उपर करणी भएको तथ्य समर्थित भएको देखिन्छ। पीडित बालिकाको उमेर सम्बन्धमा तत्कालिन गाउँ विकास समितिको कार्यालय राजघाटको मिति २०६५/४/२७ को मिसिल संलग्न जन्मदर्ताको प्रमाणपत्रबाट पीडित बालिकाको जन्म मिति २०५७/८/११ हो भन्ने देखिएको छ। बारदात मिति २०७१/७/२९ रहेको तथ्यमा विवाद छैन। यसरी हेर्दा वारदातको अवस्थामा पीडितको उमेर १४ वर्षभन्दा घटी रहेको थियो भनी प्रमाणित भएको देखिन्छ। वस्तुतः पीडितको उमेरको कुरामा विवाद पनि देखिँदैन। यस उमेर समूहका बालिका उपर करणी भएको तथ्य प्रमाणित हुनु नै जबरजस्ती करणीको कसूर ठहर गर्नका लागि पर्याप्त मानिन्छ। पीडित नाबालिका भएकाले करणीको कुरामा निजको सहमति वा मञ्जुरी थियो वा थिएन भन्ने विषय सान्दर्भिक र प्रमाणका आधारमा निरुपण गरिरहनु पर्ने विषय देखिँदैन। यो Statutory Rape को कुरामा पीडित बालिकाको सहमति रहेको वा नरहेको कुराले कुसूर ठहर गर्नमा कुनै खास अर्थ राख्ने पनि देखिँदैन।

३८. अब प्रतिवादी गणेशबहादुर श्रेष्ठले अधिकारप्राप्त अधिकारी समक्ष गरेको बयानमा उल्लेख गरेको व्यहोरा उधृत गर्नु सान्दर्भिक र आवश्यक छ। निजले गरेको सो बयानमा निम्न व्यहोरा उल्लेख गरेको पाइयो:

> मिति २०७१/७/२९ गतेका दिन बेलुका अं. १६:०० बजेको समयमा परिवर्तित नाम "लालगढ क" लाई मैले लालबन्दी बस स्टेशनबाट मैले ना.३१प. १६९३ नम्वरको मोटरसाईकलमा राखी जिल्ला धनुषा, वेंगाडावर ८ स्थित बौवा होटल लजमा ल्याई राखी मिति २०७१/७/२९ गते रातभरी निज पीडितालाई मानसिक यातनासमेत डर त्रास देखाई निज पीडितालाई मैले पटक पटक जबरजस्ती करणी गरी मिति २०७१/७/३० गतेका दिन महोत्तरीको बर्दिबास लगी छाडी भागी फरार भएकोले निजको काका नाता पर्ने परिवर्तित नाम हरि कार्कीले मेरो नाउँमा किटानी जाहेरी दिएका हुन्। पीडिता वर्ष १४ की परिवर्तित नाम "लालगढ क" सँग मेरो कुनै पनि रिसइवी झै झगडा वाद-विवाद छैन। मैले संचालन गरेको नमूना ज्ञानोदय एकेडेमी

बोर्डिङ्ग स्कूलको म प्रिन्सिपल भएको र निज पीडिता नाबालिका परिवर्तित नाम "लालगढ क" पनि मैले सञ्चालन गरेको स्कूलमा कक्षा ८ मा पढ्ने गरेकोले निजसँग मेरो राम्रो चिनजान छ। निज पीडिता मेरो बोर्डिङ्ग स्कूलमा पढ्ने हुँदा निज मेरो स्कूलको विद्यार्थी हुन्। गाउँघरमा भतिजी नाता पर्छ। निजको र मेरो घर नजिकै पर्छ। मिति २०७१/७/२९ गतेका दिन निज पीडितालाई मैले लालबन्दी बजार नजिकै रहेको बस स्टेसनमा फेला पारी निजलाई कहाँ जाने भनी सोध्दा निजले म घर जाने भने पश्चात् निज पीडितालाई मैले मेरो ना.३१प. १६९३ नम्बरको मोटरसाईकलमा घर पुर्‍याई दिन्छु भनी मैले निजलाई सोही मोटरसाइकलमा राखी लालबन्दी बजारबाट केही परसम्म पुर्‍याई बन्धनमा पारी काम छ भनी पुनः निजलाई फर्काई ल्याई निजले मलाई कहाँ लिई हिँडेको मलाई घर जान दिनुहोस् भनी मोटरसाइकल रोक्नु सर भन्दाभन्दै मैले निज पीडितालाई डर त्रास देखाई जिल्ला धनुषा, ब्रेंगाडावर ८ लालगढ स्थित बौवा होटल एण्ड लजमा ल्याई २०३ नं. को कोठा बुक गरी सोही होटलको कोठामा लगी ढोका बन्द गरी रात भरी पटक पटक निज पीडितालाई बोल्न कराउन नदिई मैले जबरजस्ती करणी गरेको हो। मेरो विद्यालयमा पढ्ने छात्रा (बालिका)लाई जबरजस्ती करणी गर्ने उद्देश्यले बर्दिबाससम्म ललाई-फकाई ल्याई तिमी चोकमा नै बस्दै गर म सामान लिएर आउछु भनी बर्दिबास स्थित गौतम होटलमा पुगी कोठा खाली छ कि भनी बुक गर्न गई सो होटलमा कोठा नभएपछि पीडित भएको चोकमा आई अब काम भयो घर फर्कनु पर्छ भन्दै पीडितलाई पुनः मोटरसाईकलमा चढाई लालगढ तर्फ ल्याई लिई आउदा सर मलाई तपाईले कहाँ लग्नु हुन्छ मलाई घरमा खोजी हुन्छ, म छोरी मान्छे म जादिन भन्दा भन्दै मैले निज पीडितलाई अब तेरो यहाँ कोही पनि छैनन्। तँ चुपलागी बस, हो हल्ला गरिस भने जंगलमा मारी फाली दिन्छु भनी डर त्रास देखाई म जे भन्छु सोही कुरा मान्नु नत्र तेरो ज्यान छैन। भारतमा भएको बसको घटना जस्तो गरी रेप गरी मारी फाल्छु भन्दै डर देखाई निज पीडितालाई कोही कसैले को हो भनी सोधे भने म श्रीमती हुँ नाम के हो भनी कसैले सोधे भने निरू श्रेष्ठ भन्नु भन्दै मैले निज पीडितालाई बौवा होटलमा पुर्‍याई काउन्टरमा गई २०३ नं. को कोठा मैले आठ सयमा बुक गरी श्रीमान श्रीमती भनी लेखाई सोही होटलको २०३ नं. कोठामा लगी कोठा बन्द गरी कोही कसैलाई पनि कोठामा आउन नदिई खाना समेत कोठामा नै मगाई निज पीडिताले खाना खादिन भन्दा पनि मैले जबरजस्ती कोच्याई खुवाई निज पीडिता रून कराउन लागेपछि मैले पुनः डर त्रास देखाई ज्यान समेत लिने धम्की समेत दिई निजलाई मिति

२०७१/७/२९ गते रातभरी सोही होटलको कोठा झ्याल ढोका बन्द गरी निजले लगाएको कपडा खोली निज नाबालिका वर्ष १४ की परिवर्तित नाम "लालगढ क" लाई मैले रातभरी पटक पटक गरी ४ चोटी जबरजस्ती करणी गरेको हो। मिति २०७१/७/३० गते बिहान उठी सो होटलको पैसा समेत तिरी निजलाई मोटरसाईकलमा नै चढाई वर्दिबाससम्म पुऱ्याई यो कुरा कोही कसैलाई भनेमा ज्यान लिनेसम्मको डर देखाई गाडी भाडा रु.५००।- दिई निज पीडितालाई बस चढी आउनु भन्दै म आफ्नो मोटरसाईकल लिई गएको हो। मैले १३ वर्षकी नाबालिक परिवर्तित नाम "लालगढ क" लाई जबरजस्ती करणी गर्दा कानून बमोजिम कारवाही हुन्छ भन्ने कुरा मलाई थाहा थियो। थाहा हुँदाहुँदै पनि निज पीडितालाई डर त्रास देखाई निजका परिवार समेतले थाहा नपाउने गरी आफ्नो घर जानको लागि बस पर्खी बसेकी अवस्थामा परिबन्धमा पारी घर पुऱ्याई दिन्छु भन्दै निजलाई डर त्रास देखाई ज्यान मार्ने धाक धम्की समेत दिई मानवीय नाता समेतको प्रवाह नगरी मेरो बोर्डिङ्ग स्कूलमा कक्षा ८ मा पढ्दै गरेको नाबालिकालाई मैले जबरजस्ती करणी गरेको हुँ। वारदात भएको पेन्टी यही हो, सो पेन्टी मैले हेरी देखी सनाखत गरिदिएँ। मिति २०७१/७/३० गते पीडितलाई दिएको नगद रु.५००।- को नोट पनि यही हो, सनाखत गरिदिएँ।

३९. प्रतिवादी गणेश बहादुर श्रेष्ठले धनुषा जिल्ला अदालतमा बयान गर्दा निम्न व्यहोरा उल्लेख गरी आरोपित कसूरमा ईन्कार रहेको देखियो:

मैले कसैलाई जबरजस्ती करणी गरेको छैन। म उपर लगाएको आरोप सबै झुट्टा हो। मलाई फसाउन यस्तो कागज गरेको हो। मिति २०७१/७/२९ गतेका दिन म सप्तरंगी बचत तथा ऋण सहकारी संस्था लिमिटेड राजघाट ६ सर्लाहीको बैठक सकी अन्दाजी ३ बजेपछि मेरो आफ्नो श्रीमतीलाई लिएर जनकपुर आउने क्रममा साँझ परी राती बौवा गेष्ट हाउस लालगढमा बसेको र भोलीपल्ट जनकपुर आई घुमफिर गरी जानकी मन्दीर दर्शन गरी फर्किने क्रममा मलाई ई.प्र.का. हरिऔनमा प्रहरीले पक्राउ गरेको हो। मसंगै मेरो श्रीमती चन्द्रीका श्रेष्ठ साथै छिन्। मैले कसैलाई जबरजस्ती करणी गरेको छैन। मलाई फसाउनलाई जाहेरी दिएको हो। मेरो जिल्ला सर्लाही राजघाटमा वोर्डिङ्ग छ। म सो नमुना ज्ञानोदय एकेडेमी स्कूलको संचालक पनि हो। मेरो सो बोर्डिङ्ग राम्ररी चलेको र विद्यार्थी पनि राम्रो रहेको हुँदा त्यहाँ अरू पनि बोर्डिङ्ग स्कूल रहेको र राम्रो नचलेको हुँदा मलाई सो कारणबाट र राजनैतिक कारणबाट

फसाएको हो। अधिकारप्राप्त अधिकारी समक्ष गरेको बयान व्यहोरा पढेर सुनाउँदा सुनें, मेरो नाम थर वतन तीन पुस्ते मैले भनेको हो। अरू व्यहोरा मैले भनेको होइन। सो व्यहोरा मेरो होईन। प्रहरीले शारीरिक, मानसिक तनाव दिई मलाई पढेर नसुनाईकन जबरजस्ती मसँग सहिछाप गराएको हो। सहिछाप मेरो नै हो।

४०. माथि उल्लेख गरिए अनुसारको पीडित बालिकाको भनाई, निजको उमेर तथा स्वास्थ्य परीक्षण प्रतिवेदनमा उल्लेख भएको व्यहोरा, जाहेरवालाको किटानी उजुरी र बकपत्र, लगायतका प्रमाणबाट प्रतिवादी गणेशबहादुर श्रेष्ठले पीडित नाबालिकालाई निजको घरमा पुर्याईदिन्छु भनी झुक्याई, ललाई-फकाई सर्लाही जिल्लाको लालबन्दीबाट मोटरसाईकलमा राखी अन्य जिल्लाको लालगढ स्थित बौवा होटेलमा पुर्याई कोठा भाडामा लिई राखी डर, धाक, धम्की दिई राती पटक पटक गरी चार पटक करणी गरेको तथ्य स्थापित भएको पाइयो। उल्लिखित तथ्यहरुलाई प्रतिवादी गणेशबहादुर श्रेष्ठले अधिकारप्राप्त अधिकारी समक्ष बयान गर्दा स्वीकार नै गरेको देखिन्छ। अदालतमा बयान गर्दा निज प्रतिवादी उपरोक्त तथ्यगत कुराहरुमा ईन्कारी रहेको भएपनि निजको सो ईन्कारी कथन तार्किक र विश्वसनीय रुपमा कुनै प्रमाणबाट समर्थित भएको देखिएन। निज प्रतिवादीले अधिकारप्राप्त अधिकारी समक्ष गरेको बयान प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रमाणमा ग्रहणयोग्य नै देखिन्छ। कसूरजन्य कार्य सम्बन्धी माथि उल्लेख गरिएका तथ्यगत कुराहरुका सम्बन्धमा कुनै प्रकारको सन्देह वा द्विविधा लिईरहनु पर्ने कारण देखिदैन। प्रतिवादी उपरको आरोपित कसूर सम्बन्धी तथ्यगत कुराहरु शंकारहित तबरबाट प्रमाणित भएको देखिन्छ। तसर्थ अव उपरोक्त कार्य भएको कुरामा के कस्तो प्रकारको फौजदारी दायित्व श्रृजना हुन्छ, अथवा उक्त कसूरजन्य कार्य बापत के कति फौजदारी दायित्व बहन गर्नु पर्ने हुन्छ भन्ने सम्वन्धमा कसूरजन्य कार्य हुँदाका अवस्थामा तत्काल प्रचलित कानून र हाल प्रचलित कानूनमा रहेका प्रावधानका सन्दर्भमा विवेचना गर्नु प्रासंङ्गिक हुन आएको छ।

४१. मुलुकी ऐन, अपहरण गर्नेको तथा शरीर बन्धक लिनेको महलको १ नं. मा "**कसैले कुनै व्यक्तिलाई बल प्रयोग गरी वा प्रयोग गर्ने धम्की दिई, डर त्रास देखाई, जोरजुलुम गरी, हातहतियार देखाई, छलकपट गरी, झुक्यानमा पारी वा नशालु वा मादक पदार्थ सेवन गराई वा कुनै यातायातको साधन कुनै किसिमले कब्जा वा नियन्त्रणमा लिई कुनै**

कुनै ठाउँमा जान बाध्य गराउन वा कुनै व्यक्तिलाई निजको मञ्जुरी विना वा नावालक र र मानसिक रुपमा अस्वस्थ व्यक्तिलाई निजको हितको निमित्त निजको बाबु, आमा वा संरक्षकको मञ्जुरी बाहेक कुनै ठाउँमा लैजान हुँदैन। सो गरे अपहरण गरेको मानिनेछ" भन्ने प्रावधान रहेको छ। मुलुकी अपराध संहिता, २०७४ को दफा २११(२)(ख) मा समेत "कुनै व्यक्तिलाई निजको मञ्जुरी बिना वा वालबालिका वा शारीरिक अशक्तताको कारणले अरुको आश्रयमा बसेको वा मानसिक अस्वस्थताको कारणले होस ठेगानमा नरहेको व्यक्तिलाई निजको बाबु आमा वा संरक्षकको मञ्जुरी बिना वा झुक्यानमा पारी जबरजस्ती कुनै ठाउँमा लगेमा" अपहरण गरेको मानिने प्रावधान रहेको देखिन्छ। यसबाट पूर्ववर्ती ऐनले कसूर वा अपराधको रुपमा परिभाषित गरेको वालबालिकाको अपहरण सम्बन्धी परिभाषालाई हाल प्रचलित मुलुकी अपराध संहिताले पनि निरन्तरता प्रदान गरेको देखिन्छ। उक्त व्यवस्था अनुसार वालबालिकालाई निजको बाबु आमा वा संरक्षकको मञ्जुरी बिना वा झुक्यानमा पारी अन्यत्र कुनै ठाउँमा लैजाने कार्यलाई अपहरण गरेको मानिने कुरा प्रष्ट रुपमा परिभाषित गरिएको देखिंदा वालबालिकालाई अपहरण गरेको कुरामा जोर-जुलुम गरेको, हातहतियार देखाएको, फरौती रकम माग गरेको जस्ता कुराहरुलाई कसूरको अनिवार्य तत्वको रुपमा लिन मिल्ने देखिंदैन। झुक्याई, छलछाम गरी, वा फकाई-फुल्याई वाबु आमा वा संरक्षकको मञ्जुरी नलिई कुनै कसूरजन्य कार्य गर्ने अभिप्रायले कुनै वालबालिकालाई एक ठाउँबाट अर्को ठाउँमा लैजाने कार्य भएको देखिएको अवस्थामा अपहरणको कसूर भएको मानिन सक्तछ।

४२. प्रस्तुत मुद्दा सम्बन्धित घटनाक्रम हेर्दा पीडित बालिका महोत्तरी स्थित निजको मामाघर गएर आफ्नो घर फर्किने क्रममा मिति २०७१/८/२९ गते दिउँसो करिब २:०० बजे पछिको समयमा सर्लाही जिल्लाको लालबन्दी स्थित बस प्रतिक्षालयमा गाडी कुरेर बसेको अवस्थामा प्रतिवादी गणेशबहादुर श्रेष्ठ बालिका नजिक आएर सोधपुछ गरेको, निजले "म तिमीलाई घर पुर्याई दिन्छु" भनेको, पीडितले नमानेको (आनाकानी गरेको), त्यसपछि ललाई-फकाई पीडितलाई मोटरसाइकलमा चढाएको, त्यसपछि घरतर्फ नलगेर उल्टो बाटो बर्दिवासतर्फ लगेको, पीडितले "कहाँ लगेको" भनी सोध्दा "तुरुन्तै घुमाएर लगिहाल्छु" भनी जवाफ दिएको, वेलुकी पख धनुषा जिल्लाको वेंङ्गाडावर गा.वि.स. वडा नं. ८ स्थित बौवा होटल (लज) मा लगेको, लजमा कोठा लिई पीडित

उपर पटक पटक करणी गरेको, सो कुरा कसैलाई भनेमा ज्यान मारेर फालिदिने धम्की दिएको, भोलिपल्ट (३० गते) बिहान पीडितलाई बर्दिवास पुर्याई छाडेको, छाड्ने बेलामा पनि प्रतिवादीले पीडितसंग "यो कुरा कसैलाई नभन्नु, भनेमा मेरो केही हुँदैन, तेरो ईज्जत जान्छ, मैले होटलमा नाम परिवर्तन गरी श्रीमान श्रीमति भनी तिम्रो नाम निरु श्रेष्ठ लेखाई दिएको छु" भनेको र पीडित बालिकालाई रु. ५००।–' को नोट समेत दिएको देखिन्छ। उल्लिखित तथ्यहरु जाहेरी दर्खास्त, पीडित बालिकाले मुद्दामा भएको अनुसन्धानका क्रममा गरेको कागज र अदालत समक्ष गरेको बकपत्र, पीडितका अविभावकको भनाई, बुझिएका मानिसहरुको कथन, तथा प्रतिवादी गणेशबहादुर श्रेष्ठले अधिकारप्राप्त अधिकारी समक्ष गरेको साबिति बयान समेतका प्रमाणबाट पुष्टी भएको छ। आफू अध्ययन गर्ने गरेको नमूना ज्ञानोदय एकेडेमी बोर्डिङ्ग स्कूलको प्रिन्सिपल उपर केवल १४ बर्षको उमेर पनि नपुगेकी अवोध बालिकाले झुठ्ठा कुरा उल्लेख गरी फसाउनु पर्ने कुनै कारण देखिँदैन। पीँडित बालिकाको भनाई बौवा होटलका मेनेजर विकाश खड्का तथा सोही होटलका नारायण पोखरेलले गरेको कागजका अतिरिक्त पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट पनि समर्थित भएको छ। मिसिल प्रमाणबाट माथि उल्लेख गरिएका तथ्यहरु शंकारहित तबरबाट पुष्टी भएको देखिन्छ। यस अवस्थामा प्रतिवादी गणेशबहादुर श्रेष्ठले अदालतमा बयान गर्दा निजले सञ्चालन गरेको बोर्डिङ्ग स्कूल राम्ररी चलेको र विद्यार्थी पनि राम्रो रहेको, तर त्यहाँका अरु बोर्डिङ्ग स्कूल राम्रो नचलेको कारणबाट तथा राजनैतिक कारणबाट फसाएको हो भनी लिएको जिकिरलाई तथ्ययुक्त र विश्वसनीय मान्न सकिने अवस्था देखिदैन। अरु कुन बोर्डिङ्ग स्कूलका को कसले फसाएको हो? फसाउनु पर्ने राजनीतिक कारण के हो भन्ने कुराको कुनै सन्दर्भसम्म पनि खुलाइएको पाइएन। त्यस प्रकारको कोरा ईन्कारी जिकिरका आधारमा नै निज प्रतिवादीलाई निर्दोष भनी मान्न मिल्ने देखिदैन।

४३. यसरी प्रतिवादीले १४ बर्षभन्दा कम उमेरकी बालिकालाई निजको हितको रक्षा गर्ने निजको बाबु, आमा वा संरक्षकको मञ्जुरी नभएको अवस्थामा निजलाई घर पुर्याउने बहाना बनाई प्रतिवादीले आफ्नो मोटरसाइकलमा राखी उल्टो बाटोतर्फ लगेको, "बल प्रयोग प्रयोग गर्ने धम्की दिएको", "डर त्रास देखाएको", "छलकपट गरेको", "झुक्यानमा पारेको" होटलमा रातभर राखेर पटक-पटक करणी गरेको कुरालाई यो

केवल करणी सम्बन्धी कसूर हो, अपहरणको कसूर होइन भनी सम्झनु विवेकपूर्ण र तार्किक देखिँदैन। पीडित "भाग्न सक्ने मौका हुँदाहुँदै नभागेको" भनी कसूरको दोष स्वयम् पीडित उपर रहेको जस्तो प्रतीत हुने गरी उच्च अदालतले फैसला गर्दा उल्लेख गरेको कारण वा आधार न विवेकपूर्ण देखिन्छ, न त तार्किक नै देखिन्छ। यस प्रकारका असंगत तर्कबाट स्वेच्छाचारिताले नै प्रश्रय पाउँने हुन्छ। वस्तुतः कानूनद्वारा गरिएको अपहरणका आवश्यक तत्वहरु प्रस्तुत मुद्दाका सन्दर्भमा विद्यमान रहेको देखिन्छ। यस प्रकारको कसूरमा प्रतिवादीप्रति देखाइने अनुचित, अतार्किक र कानून प्रतिकूलको उदारभावबाट न दण्डहिनता नियन्त्रण गर्न मद्दत पुग्दछ, न त कानून तथा समाजले राखेको कुनै वैध अपेक्षा नै पुरा हुन्छ। अपराधलाई प्रोत्साहन हुने र पीडितलाई न्यायको अनुभूति नहुने यस प्रकारको प्रतिवादी उपरको "उदारभाव" सर्वथा अनुचित र अवाञ्छित देखिन्छ।

४४. The Indian Penal Code को दफा ३६१ मा नावालकलाई अपहरण गरेको मानिने सम्बन्धमा यसरी उल्लेख गरिएको छ: "Whoever takes or entices any minor under sixteen years of age if a male, or under eighteen years of age if a female, or any person of unsound mind, out of the keeping of the lawful guardian of such minor or person of unsound mind, without the consent of such guardian, is said to kidnap such minor or person from lawful guardianship". उल्लिखित प्रावधानको व्याख्या गर्दै नावालकलाई अपहरण गरिएको कुरामा निज विवाहित भएको वा नभएको, नावालकको मञ्जुरी रहेको वा नरहेको, तथा अपहरण गर्नेले अपराधिक मनशाय राखेको थियो वा विवाह गर्ने जस्ता अन्य उद्देश्यले लगेको थियो भन्ने जस्ता कुराको सान्दर्भिकता रहँदैन भनी भारतीय अदालतले न्यायिक दृष्टिकोण प्रष्ट पारेको पाईन्छ। State of Haryana Vs. Raja Ram (AIR 1973 SC 819)[1] तथा State Vs. Sulekh Chand (AIR Punjab 83) लाई यस कुराको

1 उक्त मुद्दामा भारतीय सर्वोच्च अदालतले नावालकको सहमति सम्बन्धमा भारतीय दण्ड संहिताको दफा ३६१ को व्याख्या गर्दै भनेको छ: "The consent of the minor who is taken or enticed is wholly immaterial; it is only the guardian's consent, that would take a case out of the purview of the section. It is not necessary that the taking or enticing must be shown to have been by means of force or fraud. Persuasion

उदाहरणको रुपमा लिन सकिन्छ। करिब २०० वर्षभन्दा अगाडि नै बेलायती अदालतले पनि Queen Vs. Prince (1875, LR 2) को विवादका सन्दर्भमा वालबालिकालाई अपहरण गरेको मानिने अवस्थाका सम्बन्धमा व्याख्या गरेको पाइन्छ। यस प्रकारको दृष्टिकोण अहिले पनि भारतीय तथा बेलायती अदालतहरुले प्रयोगमा ल्याउने गरेका छन्। यसरी विकशित हुँदै आएको विधिशास्त्रलाई आत्मसात् गरी मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ नं.मा नावालकलाई अपहरण गरिएको मानिने सम्बन्धमा प्रष्ट र सरल रुपमा परिभाषित गरिएको अवस्थामा सो प्रावधानको अपव्याख्या गरी दोषी व्यक्तिले उन्मुक्ति पाउने अवस्था पैदा गर्नु मनासिव हुँदैन।

४५. सजाय सम्बन्धी प्रावधान तर्फ दृष्टिगत गर्दा मुलुकी ऐन, अपहरण गर्नेको तथा शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम कसैलाई जबरजस्ती करणी वा अप्राकृतिक मैथुन गर्ने उदेश्यले अपहरण गरेमा सो गर्ने गराउने व्यक्तिलाई सात बर्षदेखि पन्ध्र बर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म जरिवाना हुने व्यवस्था रहेको देखिन्छ। हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा २१३ मा समेत "जबरजस्ती करणी वा अप्राकृतिक मैथुन गर्ने उदेश्यले" अपहरण गरे वा गराएको भए सात बर्षदेखि दश वर्षसम्म कैद र सत्तरी हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना हुने व्यवस्था रहेको छ। यस प्रकार दुवै कानूनले अपहरणको कुरामा न्यूनतम कैद सात बर्ष हुने भनी तोकेको देखिँदा परिवर्तित कानूनी प्रावधानका सन्दर्भमा विचार गर्दा समेत अपहरणको कसूरमा कम्तिमा सात बर्ष कैद सजाय हुने अवस्था कायम रहेको देखिन्छ। प्रस्तुत मुद्दाका सन्दर्भमा हेर्दा पीडित नाबालिका उपर जबर्जस्ती करणी गर्ने उद्देश्यले अपहरण गरेको तथ्य प्रमाणित भएको देखिएको हुँदा प्रतिवादीलाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ नं. सपठित ३ नं. बमोजिम सात वर्ष कैद र एक लाख रुपैयाँ जरिबाना हुने नै देखिन आयो। हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ मा वालबालिकालाई अपहरण

---

by the accused person which creates willingness on the part of the minor to be taken out of the keeping of the lawful guardian would be sufficient to attract the section".

गरिएको कुरालाई लिएर थप सजाय हुने प्रावधान रहेको नदेखिएको, सो कुरालाई कसूरको गम्भीरता बढाउने तत्वको रुपमा सम्म उल्लेख गरिएको देखिँदा परिवर्तित कानूनी प्रावधानका सन्दर्भमा प्रतिवादीलाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ९ नं. बमोजिम छुट्टै थप सजाय हुने गरी ठहर गर्न भने मिल्ने देखिँदैन।

४६. अब जबरजस्ती करणीको कसूर तर्फ हुने सजाय सम्बन्धी कानूनी व्यवस्थाका सन्दर्भमा हेर्दा पीडित १४ बर्षभन्दा केही घटी उमेरकी बालिका उपर भएको जबरजस्ती करणीको कुरामा सो कसूर हुँदाको अवस्थामा प्रचलित मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. को देहाय (२) बमोजिम ८ (आठ) बर्षदेखि १२ (बाह्र) बर्षसम्म कैद सजाय हुन सक्ने प्रावधान रहेको देखिन्छ। हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (३) मा "दश वर्षभन्दा बढी चौध बर्षभन्दा कम उमेरकी बालिका भए" "जबरजस्ती करणी गर्ने व्यक्तिलाई त्यसरी करणी गर्दाको परिस्थिति र महिलाको उमेर हेरी" "अठार बर्षदेखि बीस बर्षसम्म" कैद हुने व्यवस्था रहेको छ। यसबाट तत्काल प्रचलित मुलुकी ऐनमा रहेको सजायको हदभन्दा अपराध संहितामा तोकिएको सजायको हद बढी रहेको देखिन्छ। कसूर हुँदाको अवस्थामा प्रचलित कानूनले तोकेको सजायभन्दा बढी हुने गरी पछि जारी भएको कानून अनुसार सजाय गर्न मिल्दैन भन्ने फौजदारी न्यायको सिध्दान्त रहेको र नेपालको संविधानले समेत यस कुरालाई मौलिक हकको रुपमा संरक्षण प्रदान गरेको हुँदा यस मुद्दाका प्रतिवादी गणेशबहादुर श्रेष्ठलाई कसूर गर्दाको अवस्थामा बहाल रहेको मुलुकी ऐनमा रहेको प्रावधान बमोजिम जबरजस्ती करणीको कसूरमा घटीमा आठ बर्ष र बढीमा बाह्र बर्ष कैद हुन सक्ने देखियो।

४७. प्रस्तुत मुद्दामा प्रतिवादी गणेशबहादुर श्रेष्ठले जबरजस्ती करणीको कसूर गरेको ठहर गरी जबरजस्ती करणीको महलको ३(२) नं. बमोजिम १० (दश) बर्ष कैद हुने भनी शुरु जिल्ला अदालतले फैसला गरेकोमा उच्च अदालत जनकपुरबाट उल्लिखित कानून बमोजिमको कसूर ठहर गरेको फैसला सदर गरेको र सजायको हकमा "न्यायको मकसद पुरा हुने" भनी प्रतिवादीलाई ८ (आठ) बर्ष मात्र कैद सजाय हुने गरी घटी सजाय तोकेको पाइयो। कुनै कारण र आधार उल्लेख नगरी हचुवा, स्वेच्छाचारी र

अमूर्त रुपमा "न्यायको मकसद पुरा हुने" भनी उच्च अदालतबाट फैसला भएको देखिन्छ। उक्त फैसला न्यायिक मान्यता अनुकूलको देखिदैन। "न्यायको मकसद पुरा हुन" सो सम्बन्धी वस्तुगत आधार र मनासिव कारण बिद्यमान हुन आवश्यक हुन्छ। कुनै कारण र आधार नखुलाई अमूर्त र हचुवा तवरबाट **"न्यायको मकसद पुरा हुने"** भनी फैसलामा लेखिँदैमा यसको औचित्य प्रमाणित हुन सक्तैन। वारदात घटनाक्रम सम्वन्धी तथ्यहरु तर्फ दृष्टिगत गर्दा प्रतिवादी गणेशबहादुर श्रेष्ठ प्रिन्सिपल रहेको स्कूलमा कक्षा ८ मा अध्ययनरत बर्ष १३ की नाबालिका छात्रालाई निजको अविभावकलाई जानकारी नै नदिई घरमा पुर्याई दिन्छु भनी झुक्याएर मोटरसाइकलमा चढाई उल्टो बाटोबाट लगेर घटनास्थल बर्दिवास नजिक रहेको बौवा होटलमा पुर्याएको र होटलमा २०३ नं. को कोठा भाडामा लिई बालिकालाई कोठामा राखी पटक-पटक करणी गरेको तथ्य स्थापित भएको छ। उल्लिखित घटनाक्रमबाट मुख्यतया: तीन वटा तत्वहरु कसूरको मात्रा वा गम्भीरता बढाउने किसिमका देखिएका छन्: (१) पीडित बालिका प्रतिवादी गणेशबहादुर श्रेष्ठ प्रिन्सिपल रहेको स्कूलकी छात्रा हुन भन्ने देखिएको छ। निजै प्रतिवादी प्रिन्सिपल रहेको विद्यालयमा अध्ययनरत छात्रा उपरको कुसूरजन्य कार्य भएकाले यसंले कसूरको गम्भीरता बढाउने देखिन्छ; (२) पीडितको उमेर १४ बर्षभन्दा घटी रहेको तथ्य प्रमाणित भएको छ। नाबालिका उपर विश्वासको घात गरी करणी गरेको देखिंदा यसलाई पनि कसूरको गम्भीरता बढाउने अर्को कारण मान्न सकिन्छ; (३) पीडितलाई झुक्याई अपहरण गरी होटलमा पुर्याएर करबल गरी, धाक-धम्की दिई रातभर होटलमा राखेर जबरजस्ती करणी गरिएको हुँदा एकभन्दा बढी अपराध गरेको देखिएको छ। यसलाई पनि कसूरको गम्भीरता बढाउने अर्को तत्वको रुपमा लिनु पर्ने हुन्छ।

४८. यस प्रकारको कसूरजन्य कार्यको श्रृङ्खलातर्फ दृष्टिगत गर्दा यसलाई न्यूनतम् सजाय गरेर **"न्यायको मकसद पुरा हुने"** भनी ठान्नु तर्कपूर्ण हुँदैन। वस्तुगत, तार्किक र न्यायोचित आधारमा **"न्यायको मकसद"** पुरा भएको देखिनु पनि पर्दछ। कसूरको गम्भीरता बढाउने पर्याप्त र मनासिव आधार तथा कारण विद्यमान रहेको अवस्था देखिँदा प्रस्तुत मुद्दाका सन्दर्भमा ऐनमा तोकिएको न्यूनतम् हदको सजाय हुने ठहर गरेर **"न्यायको मकसद पुरा हुने"** ठान्न मिल्ने देखिदैन। **"न्यायको मकसद पुरा हुन"**

कसूरको मात्रा र गम्भीरता अनुसार सजाय तोकिनु आवश्यक हुन्छ। "न्याय" एकापट्टी, एकापट्टी, "मकसद" अर्कैपट्टी हुन हुँदैन। हचुँवा, स्वेच्छाचारी वा अमूर्त रुपमा न्यायको मकसद पुरा भएको ठान्न पनि मिल्दैन। तसर्थ, सजाय तोक्ने कुरामा पनि उच्च अदालत जनकपुरबाट भएको फैसलामा त्रुटी कायम रहेको देखिन आयो।

४९. विधायिकाले कुनै कसूरमा हुने सजाय निर्धारण गर्दा "यतिदेखि यतिसम्म" भनी तजविज प्रयोग गर्ने ठाउँ दिनुको तात्पर्य कसूर हुँदाका सबै अवस्था, घटनाक्रम र परिस्थिति पूर्वानुमान गर्न सम्भव नहुने र कसूरको मात्रा अनुसार सजाय गर्नु पर्ने भएकाले न्यायकर्तालाई केही तजविजी अधिकार प्रदान गरिएको हो। यसलाई विधायिकाले न्यायकर्ताप्रति विश्वास र भरोसा राखेको अर्थमा पनि बुझ्न सकिन्छ। तजविजी अधिकार भनेको स्वेच्छाचारी हुने छुट दिने कुरा होइन। कसूरको मात्रा अनुसार सजाय गरिएन भने न्यायको अनुभूति नहुन पनि सक्तछ। यो दण्डहिनता (Impunity) संग जोडिएको बिषय पनि हो। कसूरको मात्रा अनुसार सजाय नगरी अवाञ्छित र अतार्किक उदारता देखाउन पुगियो भने परिणामतः यसबाट दण्डहिनताले नै प्रस्रय पाउने खतरा रहन्छ। न्यायिक मूल्य मान्यता र सिद्धान्तको दायरामा रहेर समाजलाई दण्डहिनताबाट जोगाउनु वा सुरक्षित राख्नु अदालतको पनि कर्तव्य बन्दछ। दोषीलाई दण्डित गर्ने र निर्दोषलाई संरक्षण प्रदान गर्ने दुवै कुरामा अदालतले सन्तुलित दृष्टी पुर्याउनु पर्दछ। यस कोणबाट हेर्दा समेत उच्च अदालत जनकपुरबाट प्रतिवादी उपरको अभियोग दावी ठहर गर्ने र सजाय निर्धारण गर्ने सन्दर्भमा अपनाइएको दृष्टिकोण मनासिव देखिन आएन। जबरजस्ती करणीको कसूर तर्फ शुरु जिल्ला अदालतले ठहर गरेको दश बर्ष कैद सजाय नै मनासिच देखिन आयो।

५०. माथि विवेचित आधार र कारणहरुबाट प्रतिवादी गणेशबहादुर श्रेष्ठलाई जबरजस्ती करणीको कसूरतर्फ मुलुकी ऐन, जवरजस्ती करणीको महलको ३(२) नं. बमोजिम दश बर्ष कैद र अपहरण तर्फ उल्लिखित ऐनको अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम सात बर्ष कैद हुने देखियो। अव जवरजस्ती करणीको कसूरमा हुने ठहर भएको दश बर्ष कैद असूल भएपछि अपहरण तर्फको कससूरमा हुने ठहर भएको ७ (सात) बर्ष कैद बापत थप अवधि कैदमा राखी असूल गर्नु पर्ने हो वा सो कैद पनि ठूलो खतमा खापिने हो भन्ने सन्दर्भमा पनि स्पष्ट पार्नु आवश्यक

देखिन्छ। यस अदालतबाट दिपी भन्ने दिपेन्द्र जैसी वि. बझाङ जिल्ला अदालत समेत भएको बन्दीप्रत्यक्षीकरणको निवेदनका सन्दर्भमा[2] आदेश (फैसला) हुँदा मुलुकी ऐन, जवरजस्ती करणीको महलको ३ नं. बमोजिम सजाय भएपछि ३क. नं. बमोजिम हुने ठहर भएको कैद थप गरी असूल गर्नु पर्ने हो वा होइन भन्ने प्रश्नको निरुपण गर्दै भनिएको छ:

"जवरजस्ती करणीको महलको ३क. नं. बमोजिमको कैद खास-खास प्रतिकूल अवस्था र परिस्थितिका महिला उपर भएको जबरजस्ती करणी बापत हुने "थप" सजाय हो। यसलाई "अतिरिक्त सजाय" वा "पुरक सजाय"को रुपमा पनि बुझ्न सकिन्छ। ऐनमा नै "थप" भन्ने शब्द उल्लेख भएको हुँदा यसलाई उक्त महलको ३ नं. बमोजिम हुने सजायको पुरक सजायको रुपमा लिनु पर्ने हुन्छ। यो फरक वा छुट्टाछुट्टै कसूरमा भएको सजाय होईन। यसलाई पटके सजाय गरेको भनी मान्न पनि मिल्दैन। एउटै कसूरमा भएको पीडितको शारीरिक वा मानसिक स्थितिका आधारमा स्वयम् विधायिकाले तोकेको निश्चित अवधिको "थप सजाय" हो। शारीरिक वा मानसिक रुपमा अशक्त वा कमजोर अवस्थाका महिलाको हक हित संरक्षणका लागि गरिएको विशेष व्यवस्था भएकाले जबरजस्ती करणीको महलको ३(२) नं. बमोजिम सजाय हुने ठहर भएको कैद असूल हुनु नै पर्याप्त हुन्छ; ३(क) नं. बमोजिमको थप कैद गरिरहन पर्दैन भन्न मिल्ने देखिदैन। उल्लिखित ३ नं. बमोजिमको सजाय असूल भएपछि ३क नं. बमोजिमको सजाय सोही ठूलो खतमा खापिन्छ, छुट्टै थप सजाय गर्न मिल्दैन भनियो भने उक्त ३(क) नं. को कानून नै सारतः निष्कृय र प्रभावहीन हुन पुगेको परिणाम आउँदछ। त्यस प्रकारको व्याख्या न तार्किक हुन्छ, न त विधायिकाको भावना वा मनशाय अनुकूल नै हुन्छ"।

५१. अव यस प्रसंगमा जबरजस्ती करणीको कसूरमा ठहर भएको सजाय (ठूलो खतको सजाय) मा अपहरण तथा शरीर बन्धक लिने तर्फको सजाय गाभिने हो वा थप हुने हो भन्ने सन्दर्भमा प्रचलनमा रहेका कानूनी प्रावधानतर्फ दृष्टिगत गर्दा, मुलुकी ऐन, अपहरण गर्नेको तथा शरीर बन्धक लिनेको महलको ८ नं. मा **"कसैले कुनै व्यक्तिलाई अपहरण अपहरण गरी वा शरीर बन्धक लिई निज उपर प्रचलित कानून बमोजिम सजाय हुने**

2 दिपी भन्ने दिपेन्द्र जैसी वि. बझाङ जिल्ला अदालत, बन्दीप्रत्यक्षीकरण, ०७८-WH-०११६, आदेश (फैसला) मिति २०७८/१०/५ ।

अन्य कुनै कसूर गरेको रहेछ भने त्यस्तो व्यक्तिलाई यस महल बमोजिम हुने सजायको अतिरिक्त सो कानून बमोजिम हुने सजाय समेत गर्नु पर्छ" भन्ने प्रावधान रहेको देखिन्छ। उल्लिखित प्रावधानको अन्तिम वाक्यांशमा "यस महल बमोजिम हुने सजायको अतिरिक्त सो कानून बमोजिम हुने सजाय समेत गर्नु पर्छ" भनी उल्लेख भएको वाक्यांशबाट अन्य कसूर बापत हुने ठहर भएको ठूलो खतको सजायमा अपहरणको कसूर बापत भएको कैद सजाय खापिने होइन, दुवै खतमा भएको सजाय जोडेर (थप गरेर) कूल सजाय असूल गर्नु पर्दछ भन्ने नै स्वभाविक रुपमा अर्थ बोध हुन्छ।

५२. मुलुकी ऐनलाई प्रतिस्थापन गरी जारी भएको मुलुकी अपराध संहिता, २०७४ को दफा २१४ को उपदफा (२) मा समेत "कसैले अपहरण गरी वा शरीर बन्धक लिई यस संहिता वा कानून बमोजिम कसूर मानिने अन्य कुनै काम गरेको रहेछ भने निजलाई त्यस्तो कसूर बापतको सजायमा उपदफा (१) बमोजिमको सजाय थप हुनेछ" भन्ने व्यवस्था रहेको छ। यसबाट पूर्ववर्ती ऐन तथा हाल प्रचलित अपराध संहिता समेत दुवै कानूनले अपहरण तथा शरीर बन्धक सम्बन्धी कसूरमा भएको कैद सजाय अर्को ऐन बमोजिम हुने ठहरिएको सजायमा खापिने वा समानान्तर रुपमा कैद कट्टा हुने प्रकारको सजाय नभएर दुवै खतमा भएको सजाय जोडेर वा थप गरेर असूल गर्नु पर्ने प्रकृतिको सजाय हो भन्ने देखिन्छ। अर्को शव्दमा भन्नु पर्दा जबरजस्ती करणीको कसूरमा हुने ठहर भएको सजायमा अपहरण तथा शरीर बन्धक सम्बन्धी कसूरमा भएको सजाय जोड्दा वा थप गर्दा आउने योगफल अनुसारको कूल सजाय असूल गर्नु पर्ने हुन्छ। यसलाई मुलुकी अपराध संहिता, २०७४ को दफा ४३ मा उल्लेख भएको "एकीकृत कसूर बापत थप सजाय हुने" प्रावधान वा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ बमोजिम "बिभिन्न कसूर बापत भएको सजायको कार्यान्वयन" सम्बन्धी प्रावधानको अपवाद अवस्थाको रुपमा लिन सकिन्छ। ऐनले "थप सजाय हुने" छुट्टै व्यवस्था नगरेको कुरामा भने कैद सजाय असूलीका सन्दर्भमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४३ तथा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ बमोजिम नै सजाय असूल गरिनु पर्नेहुन्छ। कानूनको सामाञ्जस्यतापूर्ण व्याख्या (Harmonious Interpretation)

को सिध्दान्त अनुसार पनि यही निष्कर्षमा पुग्न सकिन्छ। स्वयम् विधायिकाले ऐन तथा संहितामा नै स्पष्ट र किटानी रुपमा सजाय "थप हुने" भनी उल्लेख गरेको अवस्थामा अन्यथा तर्क-वितर्क गरेर कसूरदारलाई कानून प्रतिकूल हुनेगरी सुविधा दिनु उचित हुँदैन। माथि उल्लेख गरिए अनुसार सजाय जोडिने वा खापिने सम्बन्धमा दिपेन्द्र जैसीको विवादका सन्दर्भमा अपनाईए अनुसारको दृष्टिकोण प्रस्तुत मुद्दाका सन्दर्भमा समेत अपनाउनु मनासिब देखिन्छ। त्यसैले प्रस्तुत मुद्दाका प्रतिवादी गणेशबहादुर श्रेष्ठलाई मुलुकी ऐन, जवरजस्ती करणीको महलको ३(२) नं. बमोजिम सजाय हुने ठहर भएको दश बर्ष कैदमा सोही मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम हुने ठहर भएको ७ (सात) बर्ष कैद समेत थप गरी कूल १७ (सत्र) बर्ष कैद गर्नु पर्ने देखिन आयो।

५३. अतः यसमा माथि विवेचित आधार, कारण तथा प्रमाणबाट उच्च अदालत जनकपुरबाट मिति २०७३/८/१५ मा भएको फैसला त्रुटिपूर्ण देखिएकाले सो फैसला केही उल्टी हुने ठहर्छ र प्रतिवादी गणेशबहादुर श्रेष्ठलाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम ७ (सात) बर्ष कैद सजाय र एक लाख रुपैयाँ जरिवाना तथा मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. को देहाय (२) बमोजिम १० (दश) बर्ष कैद सजाय समेत गरी कूल १७ (सत्र) बर्ष कैद सजाय र एक लाख रुपैयाँ जरिवाना हुने ठहर्छ। पीडितलाई प्रतिवादीबाट रु. दुई लाख क्षतिपूर्ति भराई दिने ठहर गरेको तर्फ सुरु धनुषा जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत जनकपुरको फैसला सो हदसम्म मनासिब देखिँदा सदर हुन्छ। अभियोग दावीबाट सफाई पाउँ भन्ने प्रतिवादी गणेशबहादुर श्रेष्ठको पुनरावेदन जिकिर पुग्न सक्तैन। अरु तपसिल बमोजिम गर्नू:

<u>तपसिलः</u>

१. माथि ठहर खण्डमा उल्लेख गरिए अनुसार प्रतिवादी गणेशबहादुर श्रेष्ठलाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम ७ (सात) बर्ष कैद सजाय र एक लाख रुपैयाँ जरिवाना तथा मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. को देहाय (२) बमोजिम १० (दश) बर्ष कैद सजाय समेत गरी कूल १७ (सत्र) बर्ष कैद सजाय र एक लाख रुपैयाँ जरिवाना हुने ठहर भएकाले

निज प्रतिवादी मिति २०७१/०८/०१ मा पक्राउ परी हालसम्म थुनामा रहेको भन्ने देखिँदा सुरुमा पक्राउ परी थुनामा रहेको मितिले १७ (सत्र) बर्ष कैद सजाय असूल गर्ने गरी निजलाई संशोधित कैदी पूर्जी दिई कैद सजाय असूल गर्नु; साथै जरिवाना रकम रु. एक लाख समेत निज प्रतिवादीबाट कानूनबमोजिम असूल गर्नु भनी शुरु धनुषा जिल्ला अदालतमा तत्काल लेखी पठाई दिनू।

२. पीडित बालिकालाई प्रतिवादी गणेशबहादुर श्रेष्ठबाट रु. दुई लाख क्षतिपूर्ति भराई दिने गरी फैसला भएको हुँदा सो बमोजिमको क्षतिपूर्ति रकम अविलम्व निज प्रतिवादीको सम्पत्तिबाट कानून बमोजिम भराई दिनु भनी शुरु धनुषा जिल्ला अदालतमा लेखी पठाई दिनू।

३. प्रस्तुत फैसलाको एकप्रति प्रतिलिपी सहित जानकारीका लागि महान्यायाधिवक्ताको कार्यालयमा लेखी पठाई दिनू।

४. प्रस्तुत मुद्दा दायरीको लगत कट्टा गरी, फैसला विद्युतीय प्रणालीमा प्रविष्ट गरी, मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

न्यायाधीश

उक्त रायमा म सहमत छु।

न्यायाधीश

इजलास अधिकृत: माधवप्रसाद लोहनी

कम्प्युटर अपरेटर: विजय खड्का

**इति सम्वत् २०७८ साल माघ २४ गते रोज २ शुभम् ...... ।**